चीसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न
- चीसोमा बाहिर ननिस्कौं,
- धूमपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता स्वास्थ्य समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गराऔं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ ०९ गते सोमवार // मृत भस्म नबन्दैमा भिक्ल्को भैकन बल्नुछ // 2023 January 23 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४६

## तस्करीमा कडाइसँगै वीरगंज बजार गुलजार हुने सम्भावना

प्रस, परवानीपुर, ८ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साको प्रहरी उपरीक्षकमा कोमल शाह आएपछि भारतबाट गरिने तस्करीमा कडाइ गरिएको छ ।

नेपालबाट भारत तथा भारतबाट नेपाल भन्सारी छली मालसामान ओसारपोसारमा कडाइ गरिएको छ । जसले गर्दा तस्करहरूमा खैलाबैला मचेको छ ।

वीरगंज–रक्सौल नाका, इनार्व नाका, श्रीसिया नाका, भिस्वा तथा ठोरी नाकासम्म तस्करीमा कडाइ गरिएको छ । तस्करीमा कडाइसँगै जिल्लाको सुरक्षा व्यवस्था पनि चुस्तदुरुस्त भएको सर्वसाधारणले महसूस गरेका छन् । प्रहरीले तस्करीको लाइन विगत एक महीनादेखि बन्द गरेपछि अन्य सुरक्षा निकायलाई समेत तस्करी गराउन असहज भएको छ ।

रक्सौल–वीरगंज सीमानाकामा मात्रै तस्करीको लागि विभिन्न निकायलाई तस्कर गिरोहले प्रभावमा पारी तस्करी गराउँदै आएका थिए ।

तस्कर स्रोतका अनुसार मासिक लाखौं रकम विभिन्न निकायलाई नजराना दिएर तस्करीको लाइन खुलाउने प्रयास भइरहेको छ । अहिले भारतबाट साइकलमा एक बोरा चामलसमेत ल्याउन दिइएको छैन । राति ठेलाबाट हुने स्क्रेपको तस्करी, माछा, कपडालगायतका तस्करीमा पनि कमी आएको छ । जसले गर्दा वीरगंजका व्यवसायीहरू खुशी भएका छन् । सीमानाकामा कडाइ गरियो भने वीरगंजको बजार गुलजार हुने र अवैध आर्थिक क्रियाकलाप निरुत्साहित हुने स्थानीय व्यवसायीहरूको भनाइ छ । तस्कर स्रोतका अनुसार पर्साका प्रमुख जिल्ला अधिकारी, सशस्त्र प्रहरी उपरीक्षकलगायतको समेत सरुवा भइसकेको कारण तस्करी लाइन खुलाउन सुरक्षा निकायसँग बार्गेनिङ भइरहेको चर्चा छ ।



तस्वीरः प्रतीक

वीरगंजका एक दर्जन तस्करले मासिक करोडौं मूल्यका सामान तस्करीको माध्यमबाट वीरगंजका गोदाममा भित्र्याएर राज्यको राजस्व छली गरिरहेका छन् ।

वीरगंज नाकामा कडाइ भएपछि केही तस्करले आइसिपी नाकाबाट भित्रिने गाडीमार्फत तस्करीका सामान भित्र्याइरहेको बताइएको छ ।

आइसिपी नाकाबाट खासगरी धानको गाडीमा कपडाका पोकाहरू आइरहेको स्रोतले बताएको छ । आइसिपी नाकाबाट नेपालबाट भारतमा जाने गाडीमा ठूलो परिमाणमा गाँजा र भारतबाट भित्रिने गाडीमा कपडा यसअघि पनि बरामद भइसकेका छन् ।

## व्यक्तिगत खर्चमा यादवले कम्बल वितरण गरे



तस्वीरः प्रतीक

प्रस, पोखरिया, ८ माघ/

पोखरिया नगरपालिका–५ निवासी मङ्गल यादवले ३१ जना एकल महिला तथा दलितलाई कम्बल वितरण गरेका छन् ।

आइतवार एक कार्यक्रमबीच यादवले आफ्नै खर्चबाट गरीब, एकल महिलाहरूलाई कम्बल वितरण गरेका हुन् । चीसोबाट कसैलाई समस्या नहोस् भन्ने उद्देश्यले उनले कम्बल वितरण गरेको बताए । यादव सडक डिभिजन कार्यालयका कर्मचारी हुन् । कार्यक्रममा पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहान, नेकपा एमालेका नगर अध्यक्ष विन्ध्याचल ठाकुर, गोवर्धन यादवलगायतको सहभागिता थियो ।

## दलित परिवारलाई घर हस्तान्तरण

प्रस, वीरगंज, ८ माघ/

पिस फोर दलित फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साको सहजीकरण तथा सहयोगी दाताहरूको सहयोगमा पर्सागढी नगरपालिका वडा नं ६ चैनपुरमा दलित बस्तीका प्रमोद पासवान हजराको घर निर्माण गरी हस्तान्तरण गरिएको छ ।

फाउन्डेशनको टोलीले दलित समुदायको अवस्था, अनुगमन तथा अनुसन्धान गरी दाताको सहयोगमा दलित परिवारको घर निर्माण गरेको फाउन्डेशनका मनोज रामले बताए । प्रमोदको घर सात महीनाअघि वर्षायाममा ढलेको थियो । त्यसपछि उनी ढलेकै घरमा बस्दै आइरहेका थिए । पत्नी, दुई छोरा र एक छोरी रहेको उनको आर्थिक अवस्था निकै कमजोर भएपछि दाताको सहयोगमा घर निर्माण गरिएको अध्यक्ष रामले बताए ।




तस्वीरः सौजन्य

विभिन्न दाताहरूको सहयोगबाट जम्मा भएको रु एक लाख चालीस हजार आर्थिक सहयोगमा घर निर्माण गरिएको फाउन्डेशनका अध्यक्ष रामले बताए । घर निर्माणपछि प्रमोदका परिवारले खुशी हुँदै संस्था र सहयोगी दातालाई धन्यवाद दिएको छ ।

पर्सागढी नगरपालिका वडा नं ६ का दलित महिला सदस्य कवितादेवी पासवानले घर हस्तान्तरण गरेकी थिइन् । कार्यक्रममा टोलका ज्येष्ठ नागरिक रामावतार हजरा दुसाद, फाउन्डेशनका सदस्य परमानन्द राम, सुरेन्द्र पासवान, अशोक राम, संजोग राम, मनोज पासवान, बिरजा पासवानलगायतको सहभागिता थियो ।

## सिमरापार्कमा आन्तरिक र बाहय पर्यटक

प्रस, वीरगंज, ८ माघ/

जीतपुरसिमरा उपमहानगरपालिका–१ स्थित थानीमाई सामुदायिक वनमा रहेको सिमरापार्कमा आन्तरिक र बाहय पर्यटकहरू आउन थालेका छन् । पर्सा, बारा तथा सीमावर्ती भारत बिहारको पूर्वी चम्पारणबाट पर्यटकहरू सिमरापार्कमा घुमफिर गर्न आउन थालेका हुन् ।





तस्वीरः प्रतीक



प्रत्येक दिन करीब पाँच सयभन्दा बढी पर्यटकले पार्क अवलोकन गर्ने गरेको पार्कका अध्यक्ष गोविन्दबहादुर अधिकारीले बताए । उनले पार्कमा जरायो, हरिण, मुसा, बाँदरलगायत जनावर र विभिन्न प्रकारका माछा रहेको बताए । त्यस्तै, पार्कमा बालबालिकाहरूको मनोरञ्जनको लागि झुलुवा, स्लाइडिङहरू राखिएका छन् । पार्कभित्र पिकनिक स्पटहरूको पनि निर्माण गरिएको उनले बताए ।

अध्यक्ष अधिकारीले आगामी दिनमा पार्कमा परिवर्तन ल्याउने बताए । पार्कको स्तरोन्नतिका लागि प्रदेश सरकार तथा केन्द्र सरकारले ध्यान दिएमा सिमरापार्क राष्ट्रियस्तरको बनाउन सकिने अध्यक्ष अधिकारी बताएका छन् ।

## व्यावसायिक खेती गर्नेलाई महानगरले सहयोग गर्छ –नगरप्रमुख सिंह




तस्वीरः प्रतीक

प्रस, वीरगंज, ८ माघ/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले किसानलाई सम्पन्न बनाउन व्यावसायिक कृषि खेती गर्नुपर्ने बताएका छन् ।

वीरगंज महानगरको वडा नं ३१ सोलखपुरस्थित हरियाली कृषक समूहको उद्घाटन गर्दै उनले महानगरले व्यावसायिक कृषि खेती गर्नेलाई सहयोग गर्ने बताए । उनले बढी प्रतिफल प्राप्त हुने तरकारी तथा नगदेबाली व्यावसायिकरूपमा लगाउन महानगरले आवश्यक सहयोग गर्ने बताए । उनले त्यसका लागि आवश्यक तालीम, बीउ तथा बजारको प्रबन्ध महानगरले गर्ने आश्वासन पनि दिए । नगरप्रमुख सिंहले कृषक समूह तथा सहकारीहरूले आर्थिक पारदर्शितालाई प्राथमिकतामा राखेर काम गर्न जोड दिए ।

वडा नं ३१ का अध्यक्ष जीतेन्द्रप्रसाद यादवले कृषि तथा पशु प्राविधिकको व्यवस्था गरिदिन माग गरे ।

वडा नं ३१ र ३२ का कृषकले सोलखपुरमा हरियाली कृषक समूह गठन गरेका छन् । ३१ जना सदस्य रहेको समूहले आत्मनिर्भरका लागि समूहकै

(बाँकी अन्तिम पातामा)

## निजामतीको रौतहट जिल्ला अधिवेशन सम्पन्न

प्रस, रौतहट, ८ माघ/

नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन निजामती रौतहटको पाँचौं जिल्ला अधिवेशन आइतवार सम्पन्न भएको छ । नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य अशोक जयसवालले उद्घाटन गरेको अधिवेशनमा रामरेखा चौरसियाको अध्यक्षतामा २५ सदस्यीय जिल्ला कार्यसमिति चयन भएको छ ।

कार्यसमितिमा उपाध्यक्ष श्यामराज सापकोटा र जयनारायणलाल कर्ण, सचिव कैलाशप्रसाद साह, कोषाध्यक्ष धर्मेन्द्र सहनी निर्वाचित भएको समाचारमा जनाइएको छ ।

अधिवेशनमा विनोद जयसवाल, छठु चौधरी, नागेन्द्र कुशवाहा, विनोद चौधरी, मुनेश्वर यादवलगायतको सहभागिता थियो ।

## तीन महिलासहित १०१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ८ माघ/

२२औं सशस्त्र प्रहरी दिवसको अवसरमा आइतवार आयोजित रक्तदान कार्यक्रममा सातजना महिलासहित १०० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वार्टर, वीरगंजले आयोजना गरेको कार्यक्रममा सन्तोष बस्नेत, सङ्गीता अधिकारी भट्टराई, बबिता पासवान, अमर खत्री, राजेश कुर्मी, मानबहादुर श्रेष्ठ, प्रकाश पाण्डे, शिवास्तन यादव, सतीशसिंह राजपूत, प्रेमचन्द्र साह, इन्द्रापुरी सर्राफ, राजेश पण्डित, सुनील थापालगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक डिल्लीमाया घिमिरेले बताइन् ।




तस्वीरः प्रतीक

रक्तदान कार्यक्रमको उद्घाटन प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**जीवनमा धेरै असफलता आइलाग्नेछ, तर आफूलाई कहिल्यै असफल हुन नदेऊ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# महँगी बढ्दो छ

**महँगीका कारणहरूमध्ये सबैभन्दा स्वाभाविक माग र आपूर्तिमा असन्तुलन हो। माग बढी र आपूर्ति कम भयो भने वस्तुको मूल्य बढ्छ । यसै बुँदालाई टेकेर नाफाखोर व्यापारीहरूले अभाव सिर्जना गर्दछन् र वस्तुको मूल्य बढाएर आवश्यकताभन्दा बढी मुनाफा खान्छन् । व्यापारी भनेको वस्तुको क्रय-विक्रयबाट केही प्रतिशत नाफा राखेर उपभोक्ता समक्ष वस्तु पुऱ्याउनु हो। नाफाको प्रतिशत कानून, समाज र नैतिकताको परिधिभित्र हुनुपर्छ । यसभन्दा कम भयो भने व्यापार डुब्छ र धेरै भयो भने समाजमा असन्तुलन पैदा हुन्छ। व्यापारी मोटाउँछ, उपभोक्ता दुब्लाउँछ । व्यापार गर्दा व्यापारी मात्र मोटायो भने समयक्रममा उपभोक्ता घट्दै जान्छ । तर खाद्यान्न यस्तो पदार्थ हो, जसको उपभोक्ता कहिले घट्दैन। अन्य वस्तु नभए पनि मानिस बाँच्न सक्छ, तर खाद्यान्नको कुनै विकल्प छैन। र अहिले विभिन्न कारणले गर्दा नेपालमा खाद्यान्नको कमी देखिइरहेको छ । नेपालमा जति खेतीयोग्य जग्गा छ, त्यसमा वैज्ञानिक र आधुनिक तरीकाले खेती गर्ने हो भने देशका जनतालाई खान मनग्गे पुग्छ। तर सबै जग्गाको उपयोग खेतीका लागि भइरहेको छैन । भइरहेको खेतीका लागि उत्पादनमुखी वातावरण छैन। जग्गा भएर पनि राम्रो बीउ छैन, मल छैन, सिंचाइका लागि पानी छैन, कृषि कर्म गर्ने युवा जनशक्ति विदेश लागिसक्यो। र विश्वभरि खाद्यान्न आपूर्ति गर्ने रूस र युक्रेन युद्धमा अल्झिएका छन् ।**

**यद्यपि अवस्था विषम भइसकेको छैन। सरकारले महँगी नियन्त्रणका संयन्त्रहरू प्रयोग गरेर जनतालाई मुनासिब मूल्यमा वस्तु उपलब्ध गराउन सक्छ, तर नेपाल सरकारको प्राथमिकता जग्गा, कृषिको आधुनिकीकरण, उद्योगीकरण होइन, सत्ता जोगाउनु बनेको छ। यसले गर्दा नेपालमा खेती मात्र होइन, कुनै पनि उद्योग-धन्दा फस्टाउन सकेको छैन। एउटा उद्योग एक समय चम्कन्छ र अर्को क्षण रसातलमा पुग्छ । वस्तु उत्पादनको जुन सबैभन्दा महत्त्वपूर्ण उपकरण हो, त्यसको नेपालमा अधिकता भएर पनि उपलब्ध छैन । त्यो हो- जनशक्ति । आज चीन वा भारत विश्वको प्रतिस्पर्धी अर्थ व्यवस्था बन्नुमा सबैभन्दा ठूलो देन पर्याप्त जनशक्ति हो। नेपालमा भने भएको जनशक्ति आफैं पनि विदेश पलायन हुँदैछ, सरकारले पनि देश चलाउने सहज बाटो युवा पलायन नै देखेको छ। किनकि जति बढी मानिस विदेशिन्छन्, त्यति बढी विप्रेषण प्राप्त हुन्छ, सरकारको विदेशी मुद्राकोष घट्न पाउँदैन। तर विदेशी मुद्राको उपयोग विदेशी प्रविधि, उपकरण खरीदमा हुनुपर्नेमा शिक्षा, स्वास्थ्य, सयर आदिमा भइरहेको छ। शिक्षाको नाममा खर्च भइरहेको विदेशी मुद्राले देशलाई केही दिन सकेको छैन, किनकि शिक्षा हासिल गरेर हाम्रो युवा विदेशबाट फर्केको उदाहरण एकदमै थोरै छ।**

**हामीसँग विदेशी मुद्राको सञ्चिति घट्दै जानु, विश्व परिस्थिति महँगी-अनुकूल हुँदै जानुले सास्ती झन् थपिएको हो। सरकारसँग यस प्रतिकूल अवस्थाविरुद्ध जुझ्न न जाँगर छ, न कार्यनीति नै । देशमा उद्योग-व्यापार घट्दै जाँदा, कृषिकर्म निर्वाहमुखीमा सीमित हुँदा नागरिकको क्रयशक्तिको ह्रास भइसकेको छ। विकास-निर्माणको काममा पैसा खर्च भइदिएको भए पनि मुद्रा विनिमय भएर केही भए पनि मानिसको क्रय शक्ति बढ्ने थियो । तर अभावै अभाव भएको मुलुकले छुट्याइएको पैसा पनि खर्च गर्न सकिरहेको छैन। पैसा सरकारसँग थन्केको छ, उपभोक्ताले रोइकराई गरेर पो के हुन्छ !**

# उखुको समर्थन मूल्यमा लुकेको बदनियत

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**बजारमा आधारित मूल्य प्रणालीका लागि उखुको लागत घटाइनुपर्दछ। उत्पादन खर्च कम हुँदा थोरै मूल्यमा बेचेर पनि बढी आय सुरक्षित गर्न सकिन्छ। यसका लागि सरकारले खेतीमा प्रविधि, मल, बीउ, सिंचाइलगायतमा सहुलियत दिनुपर्दछ। सरकार यसमा आवश्यकता जति गम्भीर छैन। यतिसम्म कि सरकारी तहबाट त उखुको बीउसमेत उपलब्ध हुन सकेको छैन।**

सरकारले हालै मात्र उखुको समर्थन मूल्य तोकेपछि यसको औचित्यमा प्रश्न उठेको छ। क्रसिङ करीब सकिने बेलामा मूल्य तोकेको भन्दै आलोचना भइरहेको छ, जुन स्वाभाविक आलोचना हो । अहिलेसम्म कति किसानले उखु बेचिसकेका छन्। उखु बिक्री भइसकेपछि मूल्य तोक्नुले के अर्थ राख्छ ?

बर्सेनि समर्थन मूल्य तोक्ने सरकारले चिनी उद्योगले उधारो राखेको भुक्तानी दिलाउन खासै पहल गरेको छैन । भुक्तानीका नाममा बेलाबेलामा हुने 'स्टन्ट'को अर्थ छैन। चिनी उद्योगीलाई पक्रिने र जेल हाल्ने धम्की दिने सरकारले अहिलेसम्म कतिपय किसानलाई आफैंले दिनुपर्ने मूल्य अभिवृद्धि कर फिर्ताबापतको रकम अझै भुक्तानी गरेको छैन। उखु उत्पादक किसानप्रति योभन्दा भद्दा मजाक र रमिता अरू के हुन सक्छ ?

अधिकांश किसानले मङ्सिरको दोस्रो सातादेखि नै उखु बिक्री गर्छन् । शुरूमैं मूल्य तोकिएको भए उखुको तौल राम्रो आउने भएकाले किसानले राम्रो लाभ लिन पाउँथे । तर उखुमा रस सुकिसकेपछि मूल्य तोकिनुले घुमाइफिराइ चिनी उद्योगीको स्वार्थ मात्र सिद्ध भएको छ । यसमा सरकारी अधिकारीहरू उद्योगीको प्रभावमा परेको र मूल्य तोक्ने नाममा किसानलाई नै सोस्ने काम गरिरहेको आशङ्का पनि अस्वाभाविक होइन। स्मरण हुन्छ, केही वर्षअघि यस्तै मूल्यको लफडामा खेतमैं उखु सुकेपछि किसानले उखुखेतीमा आगो लगाइदिएका थिए। आफैंले लगाएको बालीमा आगो झोस्ने अवस्था भनेको कति पीडादायी होला ? सरकारमा बस्नेहरूलाई यसको अनुभूति त परको कुरा अनुमान पनि ठीकसँगले गर्न सक्दैनन्।

रकम लिन सङ्घर्ष गर्नुपर्ने स्थिति अव्यवस्थाको निर्लज्ज नमूना हो। मूल्य र भुक्तानीको अनिश्चितता मात्रै किसानका समस्या होइनन्। उखुको चलान र मूल्य निर्धारणमा बिचौलिया र अगुवाहरूको आर्थिक उद्देश्यकेन्द्रित चलखेलबाट किसान पीडित भएका सन्दर्भ सञ्चारमाध्यममा आइरहन्छन्। मधेसमा एकताका नगदेबाली भनिएको उखुखेती अब आएर उधारो बालीको रूपमा परिणत हुन थालेको छ। यस्तो उधारो उठाउन किसानहरू उद्योग परिसरदेखि सङ्घीय राजधानीका सडकमा धर्नामा उत्रिनुपर्दछ । उखुखेती र चिनीमिलको यस्तो सदाबहार समस्याको समाधानमा सरकार आवश्यकता जति गम्भीर देखिएको छैन। सरकारको यही नीतिका कारण मधेसमा उखुखेतीको क्षेत्रफल घट्दै गएको छ। सरकारले यो खेतीमा प्रोत्साहनको नीति बनाए पनि त्यो कृषकसम्म पुग्न सकेको छैन । यसमा केही अगुवा र बिचौलियाको हालीमुहाली छ।

एक समय बारा र रौतहटका किसानले मूल्यमा तानातान भएपछि स्थानीय उद्योगले उखु नकिनेपछि सीमावर्ती भारतीय चिनी उद्योगलाई सस्तैमा उखु बेचेको पीडा पनि पुरानो भइसकेको छैन । मूल्य निर्धारणमा उत्पादकका कथित अगुवा, उद्योगी र सरकार आफैंमा तानातान गरिहरहँदा किसानले भारतीय उद्योगलाई उखु बेचिरहेका थिए। अहिले पनि क्रसिङको समय करीब सकिन लाग्दा सरकारले मूल्य तोकिदिएको छ।

नेपालमा चिनीको वार्षिक खपतको आधिकारिक तथ्याङ्क अहिलेसम्म छैन। स्वदेशी एक दर्जन उद्योगले पौनै दुई लाख टन चिनी उत्पादन गर्छन् । आन्तरिक खपत करीब दुई लाख ५० हजार मेट्रिक टन छ। अहिले भारतले चिनी निकासीमा प्रतिबन्ध लगाएको छ। भारतीय बजारमा भारु ४० को हाराहारीमा पाइने चिनी नेपालका उपभोक्ताले ८५/९० रुपैयाँ किलोमा खाने गरेका छन्। नेपालका उपभोक्ताले किन महँगो चिनी खानुपरेको हो ? उपभोक्ता हितको यो पाटोलाई उखु उद्योगी र उखु किसानको तानातानले ओझेलमा पारेको छ । अर्थात् उपभोक्ता हितलाई कसैले पनि चासोको विषय ठानेको छैन।

उखु उत्पादन लागतका आधारमा मूल्य निर्धारण गर्दा छिमेकीको अभ्यासलाई पनि अध्ययन गर्नु सान्दर्भिक हुन्छ । नेपालमा उखुको मूल्य चिनी उत्पादन तथा बजार सीमावर्ती भारतीय बजारबाट प्रत्यक्ष प्रभावित छ। उत्पादन परिमाण र बजारका हिसाबले ब्रजील र भारत चिनी उत्पादनमा अग्रस्थानमा छन् । भारतका बिहार, उत्तर प्रदेश, महाराष्ट्र, आन्ध्र प्रदेशलगायतका राज्यमा चिनीको उत्पादन उल्लेख्य छ । उत्पादनको सम्भाव्यता विस्तार र व्यवस्थीकरणका निम्ति उखुसम्बन्धी मन्त्रालय र कमिश्नरहरू क्रियाशील छन्। भारतमा चिनी उत्पादनमा ती निकायको सक्रियता स्वाभाविकरूपमा प्रभावकारी हुने नै भयो। हामीकहाँ उखु उत्पादक सङ्घ, चिनी उद्योग सङ्घ र सरकारको उखु तथा चिनी विकास बोर्डको मूल्य असमझदारीले तनाव थपिराखेको देखिन्छ।

नेपालका चिनी उत्पादकको रिकभरी ९/१० किलो छ। भारतमा नयाँ प्रविधिमा आधारित उद्योगको यो क्षमता १३ किलोसम्म छ। १०० किलो उखुबाट नौ किलो चिनी बनाउने स्वदेशका उद्योग र त्यही उखुको परिमाणमा १३ किलो चिनी निकाल्ने भारतीय उद्योगको लागत एकै हुँदैन। उखुको उत्पादन, उद्योग प्रविधि र सहुलियतमा भारतको उदाहरण दिने उद्यमी प्रविधि भित्र्याउन किन अनुदार देखिन्छन् ? उद्योगीले राज्यसँग संरक्षण माग्दा भन्सार महसूलमा होइन, प्रविधि र लागत न्यूनीकरणका वैकल्पिक उपायमा केन्द्रित हुनुपर्दछ। महसूल र आयात प्रतिबन्धका चलखेल अल्पकालीन उपाय मात्र भएका छन् । प्रविधिको उपयोग र दक्षता अभिवृद्धि दीर्घकालीन औजार हुनेमा आशङ्का आवश्यक छैन। किसान र उद्योग दुवैको हितको सुरक्षण राज्यको दायित्व हो।

आयातमा बन्देज र भन्सार महसूलमा चलखेलको तरीकाले उद्यमलाई प्रतिस्पर्धी बनाउँदैन। यो उपायले उद्योग आश्रित बन्दैछन्। संरक्षणको नाममा मिलेमतो, सिन्डीकेट र उपभोक्तामाथि संस्थागत शोषण मात्र हाबी भइरहेको छ। खासमा उखुको मूल्य निर्धारण नै गलत छ । मूल्य प्रणाली स्वचालित हुनुपर्दछ। सरकारले यसका लागि कार्यदल पनि बनाएको थियो। तर यो कार्यदलले के गऱ्यो ? अहिलेसम्म तथ्य बाहिर आएको छैन।

बजारमा आधारित मूल्य प्रणालीका लागि उखुको लागत घटाइनुपर्दछ । उत्पादन खर्च कम हुँदा थोरै मूल्यमा बेचेर पनि बढी आय सुरक्षित गर्न सकिन्छ। यसका लागि सरकारले खेतीमा प्रविधि, मल, बीउ, सिंचाइलगायतमा सहुलियत दिनुपर्दछ। सरकार यसमा आवश्यकता जति गम्भीर छैन। यतिसम्म कि सरकारी तहबाट त उखुको बीउसमेत उपलब्ध हुन सकेको छैन। अहिलेसम्म अवैध आयातको भरमा बीउको आपूर्ति टिकेको अवस्था छ । यसमा सरकार र निजी क्षेत्रको सहकार्य सान्दर्भिक हुन सक्छ । तर सरकार र निजी क्षेत्र (उद्योगी) दुवै यसमा उदासीन छन्। सरकार किसानको नाममा राजनीति मात्र गरिरहेको छ । उद्योगी उद्योग संरक्षणको आलापमा उपभोक्ताको शोषणामा तल्लीन छ। किसानको हित संरक्षणको नाममा समर्थन मूल्य देखाउने दाँत मात्र साबित भइराखेको छ।

# बजार बनाउँदै विद्युतीय सवारी, पूर्वाधारमा अझै समस्या

काठमाडौं, ८ पुस/रासस

विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिने सरकारी नीतिको सकारात्मक प्रभाव देखिन थालेको छ। सरकारले आन्तरिक उत्पादनका रूपमा रहेको बिजुलीको खपत बढाउँदै आयातित पेट्रोलियम पदार्थ कम गर्ने र हरित ऊर्जालाई प्रवर्द्धन गर्ने नीति लिएको छ।

विद्युतीय सवारीसाधनको प्रयोग बढाउन सरकारले पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनको तुलनामा विद्युतीय सवारीसाधनको आयातमा न्यून कर निर्धारण गरेको छ। फलस्वरूप पछिल्ला वर्षमा विद्युतीय सवारी प्रयोगकर्ताको सङ्ख्या बढ्दै गएको छ । विद्युतीय सवारीसाधनको सङ्ख्या बढ्दो क्रममा रहे पनि चार्जिङ स्टेशनलगायत पूर्वाधार निर्माणमा भने अपेक्षाकृत प्रगति भएको देखिन्न।

चालू आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेटमा सरकारले काठमाडौं उपत्यकामा पेट्रोलियम पदार्थ प्रयोग गर्ने निजी तथा सार्वजनिक सवारीसाधनलाई क्रमशः विद्युतीय सवारीसाधनमा परिणत गर्ने व्यवस्था मिलाइने उल्लेख गरेको छ। त्यस्तै, विद्युतीय सवारीसाधनको प्रयोग बढाउन नेपाल विद्युत् प्राधिकरणले चार्जिङ स्टेशनहरू सञ्चालन गर्ने विषय पनि बजेटमा समावेश छन्। पेट्रोल पम्प रहेका स्थानमा चार्जिङ स्टेशन बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिने र सार्वजनिक निकायले विद्युतीय सवारीसाधन मात्रै खरीद गर्ने व्यवस्था मिलाइने पनि बजेटमा उल्लेख छ। विद्युत्को खपत बढाउन विद्युतीय सवारी प्रयोग बढाउने र आयातित पेट्रोलियम पदार्थलाई नेपालमैं उत्पादित विद्युत्ले प्रतिस्थापन गर्ने सरकारको नीति भएपनि त्यसका लागि आवश्यक पूर्वाधार तयार हुन सकेको छैन।

श्रीसिया सुक्खा बन्दरगाह परिसरमा रहेका कार। तस्वीरः फाइल/प्रतीक



### कमजोर पूर्वाधार,अस्थिर नीति

अहिले विद्युतीय सवारी विक्रेता आफैं र सरकारीस्तरबाट नेपाल विद्युत् प्राधिकरणले चार्जिङ स्टेशन निर्माण गरिरहेको भएपनि त्यो पर्याप्त नभएको नाडा अटोमोबाइल्स एशोसिएशन नेपालका अध्यक्ष ध्रुव थापा बताउँछन् । सवारीसाधनको प्रयोग बढाउन चार्जिङ स्टेशनलगायतका पूर्वाधार निर्माण र मर्मतसम्भारका लागि आवश्यक प्राविधिक (टेक्निसियन) तयार पार्नु मुख्य चुनौती भएको उनको भनाइ छ।

"धेरै ठाउँमा विद्युतीय सवारीसाधन विक्रेता कम्पनी आफैं चार्जिङ स्टेशन बनाइरहेका छन् भने नेपाल विद्युत् प्राधिकरणले पनि चार्जिङ स्टेशन बनाइरहेको छ। तर त्यो पर्याप्त होइन," उनले भने, "प्रमुख शहरमा मात्रै चार्जिङ स्टेशन छन्। त्यसलाई गाउँसम्मै विस्तार गर्न आवश्यक छ।"

चार्जिङ स्टेशन निर्माणका लागि निजी क्षेत्र एक्लैले काम गर्न नसक्ने र सरकारले पनि त्यसमा पहल गर्नुपर्ने थापाको सुझाव छ । विद्युतीय सवारी मर्मतसम्भारका लागि अहिले जनशक्ति लगभग तयार भइसकेको उनको भनाइ छ।

अहिले विभिन्न देशबाट आयात भइरहेका विद्युतीय सवारीसाधन नेपालभित्रै बनाउन निजी क्षेत्र सक्षम भएपनि त्यसका लागि सरकारबाट नीतिगत सहयोग हुन नसकेको अध्यक्ष थापाले गुनासो गरे। "नेपालमैं विद्युतीय सवारी उत्पादन गर्न निजी क्षेत्र तयार छ । तर त्यसका लागि स्पष्ट नीति चाहिन्छ," उनले भने, "त्यस्ता उद्योग खोल्न ठूलो लगानी चाहिने भएकाले नीतिगत स्थायित्व आवश्यक छ।"

विद्युतीय सवारीसाधनमा लाग्ने करका सम्बन्धमा पछिल्लो दुई वर्षमा चारपटक संशोधन भएको उदाहरण दिंदै थापाले सरकारैपिच्छे नयाँ नीति बन्दा निजी क्षेत्र निरुत्साहित हुने गरेको बताए। त्यस्तै, विद्युतीय सवारी प्रयोगमा नेपालको बजारले कति ठूलो आकार लिन सक्छ भन्नेमा निजी क्षेत्र स्पष्ट नभएको उनको भनाइ छ।

### बढ्दैछन् उपभोक्ता

पछिल्लो समय विद्युतीय सवारीप्रति उपभोक्ताको चासो बढ्दै गएको नाडा अन्तर्गतको विद्युतीय सवारी समितिका सभापति तथा सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत राजनबाबू श्रेष्ठ बताउँछन् । अहिले विद्युतीय सवारीको आयात तथा बिक्रीको अवस्था निकै राम्रो रहेको र यस्ता सवारीप्रति बजारको प्रतिक्रिया पनि निकै राम्रो रहेको उनको भनाइ छ।

"अहिले उपभोक्ताको 'एसेप्टेन्स' राम्रो छ। मुख्य विषय 'रेन्ज एन्जाइटी' थियो, पर्फर्मेन्स कस्तो हुन्छ ? कति रेन्ज दिन्छ ? जस्ता विषयहरू उपभोक्तालाई थाहा थिएन। अहिले धेरैले यो बुझिसकेका छन्," श्रेष्ठले भने।

सवारीसाधनप्रति उपभोक्ताको आकर्षण बढ्नुमा अरू कारण पनि रहेको उनको भनाइ छ। "अहिले धेरै ठाउँमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नदीजन्य पदार्थ निकासी पूर्णरूपमा रोकेपछि निर्माण सामग्रीको अभाव

## हजारौं मजदूर बिचल्लीमा, निर्माणाधीन १५ शय्याको अस्पताल अलपत्र

प्रस, निजगढ, ८ माघ/

नदीजन्य पदार्थको जथाभावी उत्खनन, दोहन रोक्ने दायित्व सरकारको हो । लामो समयदेखि सञ्चालनमा आइरहेका अवैधानिक क्रसर उद्योग र बालुवा प्रशोधन तथा धुवाइ उद्योगहरूका कारण नदीजन्य पदार्थको जथाभावी उत्खनन, दोहन भएको जनाउँदै गत पुस २० गते सरकारले यस्ता अवैधानिक क्रसर तथा बालुवा उद्योगलाई तत्काल रोक्न देशभरका जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशनात्मक पत्राचार गरेसँगै जिल्ला प्रशासन कार्यालय, बाराले पनि जिल्लाका विभिन्न स्थानमा रहेका अवैधानिक उद्योगहरू बन्द गरायो । उद्योग बन्द गरिएको दुई साता बित्दासम्म सरकारले यसबारेमा कुनै निकास निकालेको छैन । जसले गर्दा विकास निर्माणमा प्रयोग हुने नदीजन्य पदार्थहरूको अभावसँगै हाहाकार भएको छ भने निर्माण कार्यमा संलग्न हजारौं मजदूरको दैनिक रोजगारसमेत नराम्ररी प्रभावित भएको छ ।



रोडा, गिट्टी, बालुवाको अभाव भएपछि भवन, सडक निर्माणलगायत विकास पूर्वाधारको काम ठप्प भएको छ । तस्वीरः जीतलाल श्रेष्ठ

बारामा दुई उपमहानगरपालिका, पाँच नगरपालिका र नौ गाउँपालिका गरी १६ स्थानीय तह छन् । तीव्र गतिमा शहरोन्मुख निजगढ नगरपालिका, कोल्हवी नगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिका, कलैया उपमहानगरपालिकालगायतका अन्य स्थानीय तहहरूमा वार्षिक पाँच हजारभन्दा बढी घरहरू निर्माण भइरहेका छन् । यस कार्यमा संलग्न १० हजारभन्दा बढी दक्ष जनशक्ति (मिस्त्री)लगायत अन्य मजदूरहरू आबद्ध छन् ।

अवैधानिक क्रसर तथा बालुवा उद्योग बन्द गर्ने नाउँमा सरकारले क्रसर उद्योगहरूमा प्रशोधित मौज्दात नदीजन्य पदार्थ रोडा, गिट्टी, बालुवासमेत बिक्रीमा पूर्णरूपमा रोक लगाएसँगै निर्माणाधीन घर, भवन, सडक बाटोलगायत अनेकौं विकासका पूर्वाधारमा असर परेको छ । जसका कारण सरकारको प्राथमिकतामा परेका अन्य योजना, आयोजना जस्तै निजगढ नगरपालिका–९ मा निर्माणाधीन १५ शय्याको प्राथमिक स्वास्थ्य केन्द्रको भवन पनि अलपत्र परेको छ ।

गिट्टी, बालुवा नपाउँदा भवनको टाई बिम ढलान गर्दागर्दै अधूरो छोड्नुपरेको आशिष/आशीर्वाद निर्माण सेवा प्रालिका इन्जिनीयर भवानीप्रसाद चौधरीले बताए । "नदीजन्य निर्माण सामग्री सरकारले कहिले खोल्ने हो ? अहिलेसम्म कुनै जानकारी नभएकोले भवन निर्माण साइटमा खटिने सम्पूर्ण दक्ष जनशक्ति र मजदूरहरू घर फर्किएका छन्," इन्जिनीयर चौधरीले भने । रोडा, गिट्टी, ढुङ्गा, बालुवाको हाहाकार मच्चिएकाले अन्य जिल्लामा पनि भवन निर्माणको कामसमेत अलपत्र हुन पुगेको उनको भनाइ छ ।



नदीजन्य पदार्थको चरम अभाव भएपछि निजगढ नपा–९ मा निर्माणाधीन १५ शय्याको अस्पतालको काम पनि ठप्प भएको छ । तस्वीरः प्रतीक

"सरकारले नै निश्चित समयसीमामा काम सम्पन्न गर्नुपर्छ भन्दै ठेक्का सम्झौता गर्न लगाउँछ । अनि सरकारको प्राथमिकतामा रहेका निर्माण योजना, आयोजनाहरू यसरी अलपत्र पारिंदा कसरी समयमा काम सम्पन्न गर्न सकिन्छ ?" अधिकांश निर्माण व्यवसायी प्रश्न गर्छन् । एकातिर निर्माण सामग्री नहुँदा दैनिक रोजगारमा समेत नराम्ररी प्रत्यक्ष प्रभाव परेको छ भने आश्रित घरपरिवारलाई दैनिकी गुजार्न हम्मेहम्मे परेको छ ।

काम रोकेसँगै नजीकैको खोलाबाट स्थानीय टचाक्टरले ल्याएका ढुङ्गा, बालुवासमेत स्थानीय प्रहरी प्रशासनले नियन्त्रणमा लिने गरेपछि घर निर्माणकर्ताहरूलाई तनाव भएको छ । घर बनाउनलाई पनि दुई/चार टचाक्टर नछोड्दा स्थानीयले वडाध्यक्ष, उपप्रमुख, प्रमुखलाई गुहार्दा पनि गृह मन्त्रालयको कडा आदेश भएकोले छोड्न मिल्दैन भन्ने प्रहरी अधिकृतको जवाफ पाउने गरेपछि जनप्रतिनिधिहरू पनि जिल्ल पर्ने गरेको निजगढ, कोल्हवी, जीतपुरसिमरा, कलैयाका स्थानीयहरू बताउँछन् ।

"कसरी बालबच्चा पाल्ने, कसरी पढाउने निकै गाऱ्हो भइसक्यो । दैनिक राजमिस्त्रीको काम गर्दै परिवारजनसहित डेरा लिएर बसेका छौं । बालबच्चाहरू पढाइरहेका छौं । एक दिन काम बन्द भयो भने, निकै समस्या पर्छ," राजमिस्त्री विजय र सुग्रीव भन्छन् ।

कतिपयले पक्की घर निर्माण गर्न र नदीजन्य पदार्थको ओसारपोसार गर्न टचाक्टर किन्दा आठ प्रतिशत बैंकको ब्याज तिर्ने गरी ऋण लिए पनि गत वर्षयतादेखि १५ प्रतिशतसम्म ब्याज तिरिरहेका छन् । एकातिर बैंकको बाध्यात्मक चेपुवामा घर निर्माणकर्ताहरू परेका छन् । अर्कोतिर नदीजन्य पदार्थको अभावमा निर्माणाधीन कामहरू अलपत्र पर्दा स्थानीय ठेकेदार र जिल्लाका दुई हजारभन्दा बढी टचाक्टर व्यवसायी मारमा परेका छन् ।

बैंकबाट ऋण लिएर घर बनाउन शुरू गरेकोमा अहिले ढुङ्गा, गिट्टी, बालुवा छैन । रड, सिमेन्ट महँगो हुँदा काम शुरू गरियो । अहिले ती सामग्री सस्तो हुँदा रोडा, गिट्टी, बालुवा, ढुङ्गा बिक्रीमा सरकारले रोक लगायो । घर चाँडै बनाउँला र भाडामा दिएर बैंकको ऋण तिरौंला भन्ने योजना थियो । अब कसरी तिर्ने अधिकांश घर निर्माणकर्ताहरूको दुःखेसो छ ।

"न गरिखाउँ, न मरिजाउँको स्थितिमा छौं," निजगढ र सिमराका घर निर्माणकर्ताहरूले दुःखेसो पोखे । निजगढ नगर निर्माण व्यवसायी सङ्घमा मात्र ६५ जनाको हाराहारीमा स्थानीय ठेकेदार आबद्ध रहेको सङ्घका अध्यक्ष पीताम्बर तिमल्सिनाले बताए । यस संस्थामा आबद्ध अढाई सयको हाराहारीमा दक्ष जनशक्ति (मिस्त्री) र सात सयभन्दा बढी मजदूर छन् । अहिले निकै समस्या छ, वरिष्ठ उपाध्यक्ष विदुर खरेलले भने । नदीजन्य पदार्थ चाँडै खुला नगरे सबै निर्माण व्यवसायी, मजदूर, कामदारहरू सडकमा उत्रन बाध्य हुनुपर्ने उनीहरू बताउँछन् ।

यसरी माथिल्लो निकायको कडा आदेशमा तत्काल बन्द गरिएका क्रसर तथा बालुवा उद्योग कहिले खुल्ने हो ? अहिलेसम्म केही जानकारी प्राप्त भइनसकेको अनुगमन समितिका संयोजक एवं बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले जानकारी दिए ।

"हामीलाई नागरिक र निर्माण व्यवसायीको अत्यधिक प्रेसर छ । माथिल्लो निकायबाट खोल्न परिपत्र आइसकेको छैन । त्यसैको पर्खाइमा हामी पनि छौं । जस्तो आदेश आउँछ, त्यही अनुसारको कामकारबाई अघि बढाउनै पर्छ," सप्रजिअ आचार्यले भने ।

गृह मन्त्रालयले देशभरका अवैधानिक क्रसर र बालुवा प्रशोधन उद्योगहरू बन्द गर्न जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशनात्मक पत्राचार गरेसँगै बारामा रहेका अधिकांश क्रसर उद्योग र अवैधानिक बालुवा प्रशोधन उद्योग बन्द छन् । क्रसर उद्योगहरूमा रहेका मौज्दात नदीजन्य पदार्थ रोडा, गिट्टी, बालुवा बिक्रीमा समेत राज्य निर्मम बन्दा कैयौं अन्य साना–ठूला विकास निर्माण आयोजना प्रभावित भएका छन् । देशभरका लाखौं श्रमिक, मजदूरको दैनिकी चल्न निकै गाऱ्हो छ । नदीजन्य पदार्थको निकासी ठप्प भएको दुई साता बितिसके पनि सरकार राज्यसत्ताकै जोड घटाउनमा तल्लीन छ ।



**डम्फूको साथमा तामाङ महिला** : तामाङ समुदायको महान् पर्व सोनाम ल्होछारका अवसरमा आइतवार काठमाडौंको टुँडिखेलमा आयोजित कार्यक्रममा डम्फूको साथमा तामाङ महिला । तस्वीरः रासस

# "जहाज पुराना हुन्छन्, थोत्रा हुँदैनन्"

काठमाडौं, ८ माघ/रासस

विमान दुर्घटना भएपछि सधैं एउटै भनाइ दोहोरिने गरेको छ । जहाज थोत्रा भएर दुर्घटना भयो । त्यस्ता दुर्घटनामा मानवीय कमजोरी पनि औंल्याइन्छ अर्थात् विमानचालकको लापरवाहीले दुर्घटना भएको प्रतिवेदनमा सिफारिश हुन्छन् । कतिपय दुर्घटनामा विमानको इन्जिनको कमजोरीलाई पनि औंल्याइन्छ । यही माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको कलसाइन नाइन–एएनसी (एटिआर–७२–२१२) विमान दुर्घटनमा चालक दलका सदस्यसहित ७२ जनामध्ये ७१ जनाको निधन भयो भने एकजनाको शव पहिचानको चरणमा छ ।



अन्तर्क्रियाबारे जानकारी दिंदै बुद्ध एयरका पदाधिकारी । तस्वीरः रासस

उक्त विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट करीब १८ मिटर पर सेती नदीको खोंचमा दुर्घटनाग्रस्त भएको थियो । तुलनात्मकरूपमा सुरक्षित मानिएको एटिआर विमान दुर्घटनामा परेपछि राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा नेपालको हवाई क्षेत्रप्रति चासो हुनु स्वाभाविक हो । बुद्ध एयरका प्राविधिक निर्देशक महेश थापाले विमान दर्ताको हिसाबले पुरानो हुने तर थोत्रा नहुने बताउँछन् । "दुर्घटना विमानको आयुसँग सीमित हुँदैन, सधैं विमानलाई पुरानो भनेर दाँजिनु पनि हुँदैन, विमानको विभिन्न तहमा समय–समयमा पाटपुर्जा फेर्नुपर्छ, नियमित मर्मतसम्भार गरेर उडानयोग्य अवस्थामा राख्नुपर्छ, समय पुगेपछि इन्जिन र साइकल फेरिन्छ," उनले भने ।

विमानको निश्चित समयमा पार्टपुर्जाहरू फेरेर मर्मत गरी उडानयोग्य अवस्थामा राखिने गरिन्छ । निश्चित समय पुगेपछि विमानको इन्जिन फेरिन्छ । विमानको 'साइकल' पनि परिवर्तन गरिन्छ । 'कुन विमान कति घण्टा उड्यो र कति साइकल भयो' सोही आधारमा समय–समयमा मर्मत गरिन्छ । विमानमा एक 'टेकअफ'मा एक साइकल हुन्छ । विज्ञहरूका भनाइमा एटिआर जहाजको ७० हजार साइकल पूरा भएपछि उडाउन नपाइने नियम छ । त्यो जहाजको इन्जिन राम्रो भएपनि सञ्चालन गर्न पाइँदैन ।

मानवीय क्षतिका हिसाबले नेपालमा आन्तरिकतर्फ हालसम्मकै ठूलो विमान दुर्घटना भएकोले मुलुकको समग्र हवाई क्षेत्र मात्रै हैन कोभिड–१९ महामारीले तङ्ग्रिदै गरेको पर्यटन क्षेत्रमा पनि नकारात्मक असर पर्ने सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् ।

निर्देशक थापाका अनुसार विमान दुर्घटना मानवीय पक्षमा धेरै आधारित हुने गर्छ । उनले कुनै पनि विमान खरीद गरेर त्यसै उडानमा नलगिने, विमान सञ्चालनमा ल्याउनुअघि हवाई मापदण्ड अनुरूप मर्मतदेखि सबै खाले प्रक्रिया पूरा गरेर मात्रै व्यावसायिक उडानमा लगिने भएकाले हवाई सुरक्षा सबैको पहिलो प्राथमिकतामा हुने उल्लेख गरे । उनले भने, "विमान त्यसै ल्याएर उडाउने कुरा हुँदैन । 'कस्टमाइज मेन्टिनेन्स' गरेर मात्रै उडानमा लैजान्छौं । सञ्चालन वातावरण र 'अपरेशन ड्युरेसन'का आधारमा कस्टमाइज गरिन्छ ।

निजी क्षेत्रको अग्रणी वायुसेवा कम्पनी बुद्ध एयरले एटिआर विमान दुर्घटनापछि सर्वत्र उठेको चासो र जिज्ञासालाई सम्बोधन गर्ने उद्देश्यले आज 'गुणस्तरीय एवं आरामदायी उडान' विषयक अन्तर्क्रिया गरेको छ । कम्पनीले हवाई सुरक्षा गुणस्तर अभिवृद्धिमा हालसम्म गरिरहेको काम र सुरक्षा सतर्कताबारे पर्यटन र 'एभिएसन बिट'मा काम गर्ने सञ्चारकर्मीलाई 'एभिएसन सेफ्टी' र उडान सञ्चालनबारे अभिमुखीकरण गराएको हो । कम्पनीको प्राविधिक विभाग, उडान सञ्चालन विभाग, तालीम विभाग, सुरक्षा विभागलगायत विभिन्न विभागका प्रमुख एवं विज्ञहरूले आधारभूत हवाई सुरक्षा र उडान सञ्चालनबारे प्रस्तुति दिएका थिए ।

बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले एटिआर जहाज दुर्घटनापछि विगत केही दिनयता लगातार अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले नेपालका सबै हवाई सेवाप्रदायक असुरक्षित भन्ने सम्प्रेषणले कम्पनीलाई चिन्तित तुल्याएको बताए । उनले हवाई सुरक्षा प्रणालीमा कम्पनीले कसरी काम गरेको छ भनेर आधारभूत जानकारी गराउने उद्देश्यले कार्यक्रम गरिएको बताए ।

सन् २०११ को दुर्घटनापछि कम्पनीका इन्जिनीयर, अपरेशन, ग्राउन्ड ह्यान्डलिङ, जनशक्ति, वित्त तथा बजार व्यवस्थापनजस्ता हरेक विभागलाई चुस्त र प्रभावकारी बनाइएको उनले बताए । प्रबन्ध निर्देशक बस्नेतले कम्पनीमा आबद्ध एक हजार पाँच सय कर्मचारीलाई नियमित तालीम दिएर र भौतिक पूर्वाधार जगेडा पाटपुर्जा एवं 'टुल्स'मा अर्बौं खर्चेर गुणस्तरीय वायुसेवाको रूपमा स्थापित गर्न सफल भएको दाबी गरे ।

बुद्ध एयरकै उडान सञ्चालन निर्देशक सुवर्ण खरेलले विमान उडानका विभिन्न प्रणालीबारे जानकारी गराएका थिए । कम्पनीसँग करीब १५० विमान चालक (पाइलट) रहेका छन् । तीनवटा एटिआर–४२ र ११ वटा एटिआर–७२ सिरिजका गरी कुल १४ वटा विमानमार्फत सेवा सञ्चालन गरिरहेको छ ।

अन्तर्राष्ट्रिय प्रचलन, हवाई मापदण्ड, अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) र नेपालको नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को मापदण्डअनुरूप सुरक्षा गुणस्तर व्यवस्थापनमा कम्पनी लागिपरेको कम्पनीका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले बताए ।

दुर्घटना लगत्तै सरकारले छानबीन समिति बनाउने र समितिको प्रतिवेदन प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । दुर्घटनाको क्रम रोकिनुभन्दा बढिरहेको छ ।

क्यानका अनुसार हालसम्म मुलुकमा आन्तरिक र अन्तर्राष्ट्रिय गरी १०५ विमान दुर्घटना भएका छन् । यी दुर्घटनामा नौ सयभन्दा बढी मानवीय क्षति भएको छ ।

# असामाजिक बन्दै गएका सामाजिक सञ्जाल

–एकराज पाठक
काठमाडौं, ८ माघ/रासस

“विमान खसेको थाहा भएपछि लगत्तै घटनास्थलमा पुग्यौं। हामी धेरै स्थानीय थियौं। म कोही व्यक्तिलाई जीवितै उद्धार गर्न सकिएला कि भनेर जहाजमा च्यापिएका र बाहिर यात्री खोज्न थालें। जहाजका केही पार्ट डिलसम्मै पुगेका थिए। मैलेचाहिं डिलबाट केहीलाई त जिउँदै निकालेको हुँ।

बाहिर अरू पनि खसेका थिए। अरूलाई पनि निकाल्न आउनु न भन्दा कोही आएनन्। सबै मोबाइलमा भिडियो खिचेर बसे। अझ मैले त तपाईंका बुबाआमा होलान्, दाजुभाइ होलान् आउनुस् न निकाल्न भनें। मेरो कुरा कसैले सुनेनन्। म एक्लैले सातजनालाई बाहिर निकालें। पछि उनीहरूलाई गण्डकी अस्पताल लगिएको सुनें, अहिले के भयो थाहा छैन।”

जहाज खसेको दुःखद दुर्घटनाको पीडा त सबैमा छँदै नै थियो। त्यसमा पनि यी स्थानीयको बयानले धेरैको मन थप छियाछिया बनायो। यही माघ १ गते बिहान पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना भयो। त्यस दुःखद दुर्घटनामा परेर ७२ जनाले ज्यान गुमाए। बिहान विमान खसेपछि तत्कालै घटनास्थलमा पुगेका थिए स्थानीय। तीमध्येका एकजनाको यस्तो बयान सुन्दा, पढ्दा मनै चसक्क बनायो। एकपछि अर्कोगरी अनलाइन समाचारमा जहाजमा रहेका यात्रीको शव भेटिंदै गएको खबरसँगै घटनास्थलबाट यी स्थानीयले प्रस्तुत गरेको यो दृश्यले धेरैलाई रुवायो।

सुन्दै अपत्यारिलो लाग्ने यो दृश्यको वास्तविकता कसरी सम्भव छ ? नेपाली मन यतिविधि निर्दयी हुन सक्छ ? नेपाली समाजको यो नियतिको पछाडि आखिर के छ ? नेपाली समाजको सामाजिक पक्षको विकास कसरी भइरहेको छ ? अकल्पनीय यस्ता दृश्यहरू नेपाली समाजमा वास्तविकता बनेर किन र कसरी देखिंदैछन् ? प्रश्न समाजशास्त्रीहरूलाई गए पनि सोच्नुपर्ने अवस्था सबैको छ। तर हिजोआज सतहमा देखिएको एउटा उत्तर भने सामाजिक सञ्जाल नै हो। जसले यी अकल्पनीय कल्पनाहरूलाई पनि वास्तविक बनाइदिंदैछन्। यो र यस्तै अरू पनि कतिपय घटना दुर्घटना सुन्ने गरेका छौं, जसको पछाडि सामाजिक सञ्जाल जोडिएर आउने गरेका छन्।

हो, मानिसको हातमा मोबाइल नभइदिएको भए यो निर्दयता सम्भव थिएन होला। मोबाइलको भिडियो भाइरल बन्ने लत नबसिसकेको भए कसैले




पनि यस्ता दृश्य खिचेर बस्न सक्दैनथ्यो। हुनत उनीहरूका सामु अरू बग्रेल्ती विषयहरू पनि होलान्, तर अबका दिनमा भने समाजशास्त्रीहरूले आफ्ना अनुसन्धानका समस्याका कथन (स्टेटमेन्ट अफ दी प्रब्लम) सामाजिक सञ्जाल बनाउनुपर्ने देखिन्छ। सामाजिक सञ्जालमा चौबीसै घण्टा झुन्डिने लतले यो र यस्तै अरू के कति स्वरूप र मात्रामा नेपाली समाजलाई असामाजिक बनाउँदैछ भनेर खोज्नुपर्ने दिन अब आएको छ। त्यसो भयो भने यस अनुसन्धानको निष्कर्षमा सामाजिक सञ्जालको सिर्जनात्मक र सही प्रयोग कसरी गर्ने भन्ने निस्कन सक्छ र त्यो सबैलाई काम लाग्न सक्छ। नेपाली समाजलाई पनि ‘भिडियो भाइरल’को लतबाट बाहिर निकाली सिर्जनात्मकतातर्फ लैजान सक्छ। यसबाट सकारात्मक सोचमा र सत्य बक्ने बाटोतर्फ समाजलाई डोऱ्याउन सहज हुनेछ।

अघिल्लो हप्ता राष्ट्रपति विद्यादेवी भण्डारी राष्ट्रपति निवास शीतल निवासबाट साझा यातायातको बिजुली बस चढेर ललितपुरका केही सम्पदाको भ्रमणमा गइन्। अघिपछि राज्यले दिएको सुविधाको लावालस्करमा यात्रा गर्ने राष्ट्रपति त्यस दिन सर्वसाधारणले चढ्ने बस चढिन्। के यो नराम्रो काम थियो ? एकातर्फ नागरिकले सधैंजसो चढ्ने साझा बस चढिन्, जुन हिजोका दिनमा उनी पनि चढ्ने गर्थिइन्। अर्कातर्फ इन्धनमा शतप्रतिशत विदेशमा निर्भर हुनुपरिरहेको हाम्रो जस्तो देशमा राष्ट्रपतिले बिजुली बस चढिन् र जसका कारण बिजुलीबाट चल्ने सवारीहरूको प्रचार पनि भयो। यसरी सकारात्मकरूपमा लिएर प्रचार गर्न पनि त सकिन्थ्यो, जसले समाजमा सकारात्मक सन्देशको ऊर्जा पनि प्रदान गर्दथ्यो। तर सामाजिक सञ्जालमा त राष्ट्रपतिले साझा बस चढ्नुलाई ‘नाटक’ सम्मको अर्थ लगाइयो र किन यस्तो गरेको भनेर दुष्प्रचारसमेत गरियो।

यतिमात्र नभएर राष्ट्रपति भण्डारीले बस चढ्दा र ओर्लंदा पिर्कामा टेकेको विषयको समेत जानाजानी गलत प्रचार गरियो। यसलाई पनि सामाजिक सञ्जालमा विभिन्न अर्थ लगाइयो। कतिले यसैलाई ‘राष्ट्रपतिले भुइँमा टेक्न नहुने हो र ?’ भनेर समेत अर्थ्याए। के सर्वसाधारणले साझा बसमा हिंड्दा यसरी नै पिर्कामा टेकेर उक्लिन्छन् त भनेर तुलना गरे। कतिपय सामाजिक सञ्जालको आशय यस्तो देखिन्थ्यो कि राष्ट्रपतिले पनि अरूले जे गरेका थिए, त्यसै गर्नुपर्दथ्यो। यो कस्तो अमानवीय सोच हो ? कोही व्यक्ति बिरामी छ, उसको शरीरले हुँदैन र कुनै भौतिक वस्तुको सहारा लिनुपर्ने भएरै लिन्छ भने त्यसमाथि किन यसरी कठोर टिप्पणी गर्नु ? सामाजिक सञ्जालमा आउने यस्तै टीका–टिप्पणीहरू हेर्दा लाग्छ सामाजिक सञ्जाल नकारात्मक सन्देश प्रचार गर्न मात्र प्रयोग हुन्छन्।

राष्ट्रपति विद्यादेवी भण्डारीले सवारी चढ्दा, ओर्लंदा या कुनै अग्लो स्थानमा उक्लनका लागि पिर्काजस्तो काठको वस्तु प्रयोग गर्छिन्। तर जबजब उनले पिर्काको प्रयोग गरेका तस्बिरहरू सार्वजनिक हुन्छन्, त्यसपछि सामाजिक सञ्जालमा यस्ता टिप्पणी आउने गर्दछन्। राष्ट्रपति भण्डारीलाई करीब डेढ दशकअघि ब्लड क्यान्सर भएको थियो। भारतको एपोलो अस्पतालमा क्यान्सरको उपचारका क्रममा दिइने केमोथेरापीको स्टेरोइड औषधिले उनको कम्मरको जोर्नीमा खराबी देखिएकाले प्रत्यारोपण गरिएको जोरपाटीस्थित नेपाल अर्थोपेडिक अस्पतालका विशेषज्ञ डा कैलाश भण्डारी बताउँछन्। उनका अनुसार राष्ट्रपतिको हिपमा खराबी देखिएपछि मेटल ‘हिप रिप्लेस्मेन्ट’ गरिएको छ, यस्ता बिरामीले धेरै माथिसम्म खुट्टा उठाउनुहुँदैन, समस्या हुन्छ। त्यसैले उनी उक्लने र ओर्लने ठाउँ केही अग्लो या होचो छ भने त्यसका लागि ‘सपोर्ट’ राख्ने गरिएको हुन सक्छ। ‘हिप रिप्लेसमेन्ट’ गर्ने मान्छेले माथिसम्म खुट्टा उठाउँदा प्रत्यारोपण गरिएको हिपले ठाउँ छोड्ने (डिस्लोकेट हुने) पनि हुन सक्छ। यसै कारण उनले गाडी चढ्ने र ओर्लने बेलामा पनि कुनै अग्लो वस्तुको सहायता आवश्यक पर्ने गर्दछ। कुनै पनि मानिसको शारीरिक अस्वस्थतामाथि निर्दयी भएर यसरी टिप्पणी गर्न मिल्छ ?

यस्तै नकारात्मक टिप्पणी नेपाली काङ्ग्रेसकी नेत्री डा आरजु राणा देउवाप्रति पनि केही अघि गरिएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको लुम्बिनी आएका बेला उनी र प्रधानमन्त्री शेरबहादुर देउवाले बुद्ध भगवान्प्रति बसेर स्तुति गरेका थिए भने डा आरजुले भने उठेरै गरेकी थिइन्। उनको पनि स्वास्थ्यमा समस्या भएकाले बस्न नमिल्ने भएर उभिएरै प्रार्थना गरेकी थिइन्। तर त्यो तस्बिर मिडियामा आएपछि सामाजिक सञ्जालमा उनको आलोचना नै भयो। कतिपयले प्रधानमन्त्रीहरू बसिरहेका बेला डा आरजु किन उठेको भनेर प्रश्न मात्र गरे। यहाँसम्म कि कसैकसैले त उनी उठेको विषयलाई अशिष्टतासम्म भन्न पनि भ्याए। वास्तविकता के थियो र उनी के कस्तो समस्याले उठ्नुपरेको थियो भन्ने विषयको तथ्यमा धेरैजना पुगेनन्, तथ्यहीन टिप्पणी मात्र गरिरहे।

भनिन्छ, संसार छ र त सञ्चार छ। पहिले त संसार हुनुपर्छ, नत्र केको सञ्चार गर्नु ? आज विश्वका मिडियामा सबै नागरिकको पहुँच पुग्न नसकेकाले होला सामाजिक सञ्जालको जन्म भएको। यसैले त संसारका मानिसलाई सञ्चारको जालोमा ल्याएको छ। अनि यही सञ्जालले नै यसका प्रयोगकर्ता सबै मानिसलाई सञ्चारकर्मी बनाएको छ। अहिले सञ्चारकर्मी हुनलाई पत्रकार नै हुनुपर्दैन, सामाजिक सञ्जाल भए हुन्छ। किनभने हरेक व्यक्तिले यसैबाट सञ्चार गरिरहेको छ। अर्को कुरा यो नागरिक पत्रकारिताको युग पनि हो। अहिले मानिसले सामाजिक सञ्जालबाट नै पत्रकारिता गर्न सक्ने भएको छ र कतिले गरेको पनि छ। त्यसो भए पत्रकारले यस्तो अमानवीय पत्रकारिता गर्न मिल्छ त ? के यसलाई नागरिक पत्रकारिता भन्न मिल्छ ? सामाजिक सञ्जाल भनेका व्यक्तिका पीर, व्यथा र खुशी साट्ने तथा खानपिन र उठबसका तस्बिर राख्ने अनि बाँकी सबैजसो आलोचना नै गर्ने माध्यम मात्र होइनन् भन्ने बहस हुनु जरुरी छ। जनताका चासोका सूचनाहरू आदानप्रदान गर्ने र बौद्धिक बहस गर्ने ‘प्लेटफर्म’ पनि हो यो।

कतिपय देशमा सामाजिक सञ्जाललाई चुनावी अभियान चलाउने र राष्ट्रका लागि ‘एजेन्डा’ सेटिङ गर्ने सशक्त औजारका रूपमा प्रयोगमा नै ल्याइसकिएको छ। अघिल्लो दशक प्रजातन्त्रका लागि शुरू गरिएको क्रान्तिमा अरब वसन्त नाम दिन सक्ने हैसियत निर्माण गर्ने काम यिनै सामाजिक सञ्जालले नै गरेका थिए। किनभने मध्यपूर्वी देशहरूमा प्रजातन्त्रको बहार ल्याउन सामाजिक सञ्जालकै मुख्य भूमिका थियो। अहिले जनजीविकाका विषयदेखि सामुद्रिक तटमा बसेका मानिसहरूलाई सुनामी आउने सूचनाबाट बचाउने कामसम्मका लागि यिनै सामाजिक सञ्जालको सहायता लिने गरिएको छ। भारतमा त सूचनाको हकको प्रयोग गर्न सामाजिक सञ्जालबाट थालिएको अभियानले भ्रष्टाचारविरुद्धको अभियान नै सञ्चालन गऱ्यो र यही अभियानको उपजका रूपमा अरबिन्द केजरीवाल जस्ता नेता जन्मिए। त्यसैले हामीले पनि सामाजिक सञ्जालको प्रयोग देश र जनताका लागि यस्तै सिर्जनात्मकरूपमा गरौं। अहिले असामाजिक बन्दै गएका सामाजिक सञ्जाललाई यसैगरी छोड्यौं भने यसले हामी र हाम्रो समाजलाई सकारात्मक हुन नै सिकाउँदैन। अनि यस्तै दुरुपयोगबाट नै सिर्जना, धैर्यता र सत्य हराउँदै जाने खतरा दिन प्रतिदिन बढ्दै जानेछ।



निजगढ नगरपालिका–४ मोहोरीस्थित गणेशमान पार्कमा लौहपुरुष गणेशमान सिंहको पूर्णकदको सालिकलाई नियाल्दै एक वृद्ध। यस पार्कमा वार्षिक पाँच हजारभन्दा बढी आन्तरिक र बाह्य पर्यटक पिकनिक मनाउन आउने गर्छन्। तस्वीरः जीतलाल श्रेष्ठ

## फरक समाचार

### पानीमा अमृत, आनन्द, विष र बल हुन्छ

आयुर्वेदले वर्षौंदेखि मानिसको समस्या समाधान गर्दैछ। नेपाल र भारतमा व्यापकरूपले प्रचलित आयुर्वेदलाई अब दुनियाँले पनि मान्यता दिइसकेको छ। आयुर्वेदमा लेखिएको छ कि खानाभन्दा पहिले पानी अमृत हुन्छ, खानाको साथ पानी आनन्द हुन्छ, खाना खाएको तुरुन्तै पानी विष हुन्छ र खाना खाएको आधा घण्टापछि पानी पिउँदा बल हुन्छ। खाना खाएपछि तुरुन्तै पानी पिउनुहुँदैन तर थोरै पिउन सकिन्छ।



**पानी पिउने नियमः** बिहान उठेर पानी पिउनुलाई आयुर्वेदमा उषापान भनिन्छ। स्वस्थ रहनको लागि हामीले मनतातो वा तामाको भाँडामा पानी पिउँदा यसबाट अविश्वसनीय लाभ पाउँछौं।


खाना खाएको तुरुन्तै पानी पिउनुहुँदैन। यस्तो गर्दा खाना बिस्तारै पच्छ, मेटाबोलिज्म प्रभावित हुन्छ र पाचन आगो कम हुन्छ। पानी सदैव बसेर पिउनुपर्छ, चाँडै र उभिएर पिउनुहुन्न। पानीलाई अलिअलि गरेर पिउनुपर्छ।

प्लास्टिकको बोतलमा पानी राख्नुहुँदैन किनभने प्लास्टिकमा हुने माइक्रो पार्टिकलले क्यान्सर रोग बढाउन सक्छ साथै यसबाट हार्मोनल असन्तुलन भई अन्य रोगको पनि खतरा रहन्छ।

### तारा किन कम देखिंदैछ ?

आगामी केही वर्षपछि हामीले रातिको समयमा तारा देख्न सक्दैनौं। यसको कारण हो– प्रकाश प्रदूषण। जर्मन रिसर्च सेन्टर फर जियोसाइन्सेन्सले गरेको अध्ययन अनुसार गत दशकमा आकाशको चमकमा १० प्रतिशतसम्म कमी आएको छ। वैज्ञानिकका अनुसार धर्ती जगमग गर्ने मानवनिर्मित प्रकाश (बल्ब, फ्लड लाइट्स आदि)का कारण आकाशको चमक फिका हुँदैछ।

धर्तीमा बढ्दो प्रकाश प्रदूषणका कारण हाम्रो आँखा र वायुमण्डलको प्रकाशमा निकै परिवर्तन भइरहेको छ। यसैले हाम्रो नजरमा आकाश धमिलो देखिने गरेको छ। आकाशमा ताराको सङ्ख्या कम देखिंदैछ। जुन स्थानमा प्रकाश प्रदूषण कम छ, त्यहाँ आकाश स्पष्ट देखिन्छ।



अध्ययन अनुसार एशिया, युरोप, उत्तरी अमेरिका, दक्षिण अमेरिका र अफ्रिकाका १९ हजार स्थानका २९ हजार व्यक्तिसँग आकाश राति सफा देखिन्छ भन्ने प्रश्न सोधिएको थियो। संसारभरिका सिटिजन साइन्टिस्टले यसबारे भनेका छन् र प्रकाश प्रदूषणबारे रिपोर्ट तयार गरिएको छ। गत १० वर्षमा आकाशको चमक १० प्रतिशतसम्म फिका भएको छ।

जर्मन रिसर्च सेन्टरका भौतिक वैज्ञानिक क्रिस्टोफर किबाले यस अध्ययनलाई दुई प्रकारले महत्त्वपूर्ण बताएका छन्। पहिलो, वैश्विकस्तरमा रातिको समय आकाशको चमक फिका भएपछि अध्ययन गरिएको थियो र दोस्रो, दुनियाँभरका देशमा रातिको प्रकाश कम गर्नको लागि तय नियम र मानक उल्लङ्घन गरिंदैछ। मानवनिर्मित प्रकाशबाट प्राकृतिक प्रकाशको क्षरण भइरहेको छ।

किबाका अनुसार हालको दशकमा आर्टिफिशियल लाइटका कारण पर्यावरणमाथि असर भइरहेको छ। प्रकाश प्रदूषणको असर मान्छे र जनावरको जीवनचक्रमाथि पनि भइरहेको छ। जूनकीरीको प्रजाति नष्ट हुँदैछ। जनावरको सञ्चार तरीका पनि बदलिरहेको छ। पूरै दुनियाँमा यसको नियम बनाइँदैछ, जसले हामी आफ्नो आकाश हेर्न सकौं। धर्तीलाई बढी जगमग गर्नु विकास होइन, प्रदूषण हो। वैज्ञानिकको भनाइ छ, प्रकाश प्रदूषण कम गर्न प्रकाश दिने यन्त्रको दिशा, मात्रा र प्रकार सुधार्नुपर्छ।

### इङ्कजेट र लेजरप्रिन्टमा के अन्तर हुन्छ ?

बजारमा दुई प्रकारका प्रिन्टर हुन्छन्। एउटा इङ्कजेट र अर्को लेजर प्रिन्ट। इङ्कजेट प्रिन्टरमा एउटा नोजल हुन्छ, जसमा कागजमा इङ्कलाई स्प्रे गरिन्छ र त्यो प्रिन्ट हुन्छ। त्यस्तै लेजरमा नोजल हुँदैन। इङ्कजेटमा कार्टिजमा इङ्क लिक्विड फर्ममा हुन्छ, लामो समयसम्म प्रयोग नभएपछि सुक्छ। त्यस्तै लेजर प्रिन्टमा इङ्क टोनर (धूलो)को रूपमा हुन्छ, यो लामो समयसम्म प्रयोग नगरे पनि सुक्दैन।




कागजात प्रिन्टिङको गुणस्तरको कुरा गर्दा लेजर प्रिन्टरले राम्रो गुणस्तर दिन्छ। लेजर प्रिन्टरको प्रिन्टिङको क्वालिटी, इङ्कजेटभन्दा उत्कृष्ट हुने गर्छ।

भनिन्छ, जब प्रिन्टर पेजमा धार वा दाग देखिन थाल्छ, त्यति बेला प्रिन्टरलाई सफा गर्नुपर्छ। प्रिन्टर रबिङ अल्कोहल, कटन स्वैब, भ्याकुम क्लिनर र सफा कपडाको मदतबाट सफा गर्नुपर्छ। कागजमा धार वा दाग देखिन्छ भने त्यसको प्लेट वा रोलर सफा गर्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# 'कोभिड-१९' लाई मौसमी इन्फ्लुएन्जाको श्रेणीमा झार्ने


तस्वीरः एजेन्सी

टोकियो, ८ माघ/एएनआई

जापानका प्रधानमन्त्री फुमियों किशिदाले देशले कोभिड-१९ लाई मौसमी इन्फ्लुएन्जाको श्रेणीमा झार्ने विचार गरिएको जानकारी दिएको सिएनएन समाचार समितिले जनाएको छ।

किशिदाले यस कदमको नतीजा हेर्न आफ्नो प्रशासन र स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको बताएका छन्। जापानमा अझै पनि प्रतिदिन एक लाख कोरोना भाइरस सङ्क्रमित देखा पर्ने गरेको सिएनएनले जनाएको छ।

जापानमा हाल कोभिडलाई दोस्रो श्रेणी दिइएको छ। यस श्रेणी क्षयरोग र एभियन इन्फ्लुएन्जा बराबर छ। यसबाहेक अधिकारीहरूले यसलाई मौसमी इन्फ्लुएन्जाको बराबरीमा पाँचौं स्थानमा राख्ने योजना बनाएको सिएनएनले जापानको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै जानकारी दिएको छ।

"कोरोनासँग जीवन बिताउने प्रयासलाई अगाडि बढाउन र जापानलाई सामान्य अवस्थामा पुऱ्याउनको लागि हामी हालसम्मका विभिन्न नीति र उपायहरूलाई चरणबद्धरूपमा परिवर्तन गर्नेछौं," किशिदाले भनेका छन्।

गत वर्षको अक्टोबरमा जापानले गत वर्षदेखि बन्द रहेका आफ्ना सिमाना विदेशीका लागि पुनः खोलेको थियो। सिएनएनका अनुसार यसले विश्वको सबैभन्दा कडा सीमा नियन्त्रणको अन्त्य गरेको थियो।

कोभिड-१९ बाट मृत्यु हुने वा अस्पताल भर्ना हुने जोखिम धेरैजसो मानिसहरूको उच्चस्तरको खोप र अघिल्लो सङ्क्रमणबाट जनसङ्ख्याको प्रतिरोधात्मक क्षमताका कारण धेरै कम भएको संयुक्त राज्य अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी)ले जनाएको छ।

अर्कोतर्फ, विश्व स्वास्थ्य सङ्गठनले अझै पनि कोभिडलाई महामारीको रूपमा गणना गर्दछ र आफ्नो पछिल्लो अपडेटमा कोभिड-१९ सँगको सम्पर्कमा आएका वा नजीकको सम्पर्कमा आएका मानिसहरूलाई मास्क लगाउन सिफारिश गरेको र भीडभाड, घेरिएको वा कमजोर भएका जोकोहीलाई पनि मास्क लगाउन सिफारिश गरेको छ। रासस

# अपार्टमेन्टमा आगलागी हुँदा चारजनाको मृत्यु

टोकियो, ८ माघ/सिन्ह्वा

जापानको पश्चिमी शहर कोबेमा अवस्थित एक अपार्टमेन्टमा आइतवार त्यहाँ रहेको एउटा तीन तले अपार्टमेन्टको पहिलो तलामा आगो लागेको बताइएको छ। बिहानीपख सो चारजनालाई अस्पताल पुऱ्याएको छ। उनीहरू अचेत अवस्थामा रहेका र उपचार जारी रहेको बताइएको छ।


तस्वीरः सिन्ह्वा

बिहानै भएको आगलागीमा परेर कम्तीमा चारजनाको ज्यान गएको छ। उनीहरूको जलेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। त्यसैगरी, त्यस अपार्टमेन्टमा रहेका अरू चारजना जलेर घाइते भएका छन्।

अपार्टमेन्टभित्रै आगो सल्किएपछि अग्निनियन्त्रकहरू आएका थिए।

जापानी समाचार समिति क्योडोले दिएको जानकारी अनुसार अग्नि नियन्त्रकले आगलागी भएको स्थानबाट चारजनाको शव निकालेको र अरू

सो अपार्टमेन्ट रहेको भवनको दोस्रो तलासम्म आगो सल्किएपछि त्यसले भवनमैं असर गरेको बताइएको छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ। रासस

# चीनमा जापानको प्रवेशाज्ञा सेवा नियमित

बेइजिङ, ८ माघ/सिन्ह्वा

चीनस्थित जापानी राजदूतावासले जापान जानका लागि चिनियाँ नागरिकलाई प्रवेशाज्ञा सेवा पुनः सञ्चालनमा ल्याएको जनाएको छ।

जापान सरकारले शनिवार सो कुराको जानकारी दिएको समाचारमा जनाइएको छ। यसअघि जापान सरकारले बेइजिङबाट दिने प्रवेशाज्ञा बन्द गरेको थियो।

कोभिड-१९ का कारण जापानले चिनियाँ राजधानी बेइजिङबाट प्रवेशाज्ञा बन्द गरेको सूचना जारी गरेको थियो।

आइतवारदेखि सो सेवा पुनः सञ्चालनमा ल्याइएको जनाएको हो। राजधानी बेइजिङस्थित जापानी राजदूतावासको वेबसाइटमा यससम्बन्धी सूचना राखिएको समाचारमा जनाइएको छ।

चीनमा पछिल्लो समय बढ्दै गएको कोभिड-१९ सङ्क्रमणका कारण जापान सरकारले चिनियाँ नागरिकलाई प्रवेशाज्ञामा प्रतिबन्ध लगाएको थियो।

कोभिडका कारण अस्थायीरूपमा लगाइएको प्रतिबन्ध अब भने सञ्चालनमा ल्याइएको सो सूचनामा उल्लेख गरिएको समाचारमा जनाइएको छ।

चीनमा पछिल्ला केही हप्तामा कोभिड सङ्क्रमण निकै बढेको थियो। यहाँ दैनिक एक करोडभन्दा पनि बढी मानिसमा सङ्क्रमण भएको तथ्याङ्क सार्वजनिक भएको थियो।

यस कारण चीनको राजधानी बेइजिङमा रहेका जापानलगायत केही देशका दूतावासहरूले आआफ्नो देशमा जानका लागि प्रवेशाज्ञा सेवा नै बन्द गरेका थिए। रासस


स्वच्छ परिवार,
सुखको आधार।
वीरगंज महानगरपालिका कार्यालय



**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


# स्वतन्त्र निर्वाचित दुई प्रदेशसभा सदस्य जसपामा प्रवेश

काठमाडौं, ८ माघ/रासस

मधेस प्रदेशसभामा स्वतन्त्र निर्वाचित दुई प्रदेशसभा सदस्य जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गरेका छन्।

महोत्तरी क्षेत्र नं २ (२) बाट निर्वाचित प्रदेशसभा सदस्य सुरिता साह र पर्सा-३ (१) बाट निर्वाचित प्रमोदकुमार जयसवाल जसपामा प्रवेश गरेका छन्। दुवै प्रदेशसभा सदस्यलाई आज बालकुमारीस्थित जसपाको पार्टी कार्यालयमा अध्यक्ष उपेन्द्र यादवले स्वागत गर्दै पार्टी प्रवेश गराएको जसपाका प्रवक्ता मनीष सुमनले जानकारी दिए।

उनका अनुसार मधेस प्रदेशसभामा जसपाका १६ प्रदेशसभा सदस्य रहेकामा थप दुईजना प्रवेश गरेपछि प्रदेशसभामा अब १८ जना भएका छन्।

**सत्ता सहकार्यबारे जसपा र जनमत पार्टीबीच छलफल**

सत्ता सहकार्यबारे जसपा र जनमत पार्टीबीच आज छलफल भएको छ। मधेस प्रदेशमा सहकार्यलगायतका विषयमा जनमत पार्टीले जसपा अध्यक्ष उपेन्द्र

(बाँकी अन्तिम पातामा)

## बजार बनाउँदै ...

चार्जिङ स्टेशन बनेका छन्, सञ्चालन खर्च पनि न्यून छ। विद्युतीय सवारी खरीद गर्नका लागि बैंकले कर्जा लिन सजिलो बनाएका छन्। त्यस कारण ग्राहकको चासो बढी छ," उनले भने।

शहरी क्षेत्र र मुख्य राजमार्गमा मात्र नभई घरमैं पनि चार्ज गर्न सकिने भएपछि विद्युतीय सवारीप्रति उपभोक्ताको मोह जागेको श्रेष्ठको बुझाइ छ। "धेरैजसो विद्युतीय सवारी प्रयोगकर्ताले आफ्नो सवारी घरमैं चार्ज गर्छन्। विक्रेता कम्पनीले बनाएका चार्जिङ स्टेशनको प्रयोग ४० प्रतिशत पनि छैन। गाडीको सङ्ख्या बढ्दै जाँदा चार्जिङ स्टेशनहरूको सङ्ख्या पनि बढ्दै गएको छ," उनले भने।

लामो दूरीको यात्राका लागि विद्युतीय सवारीको प्रयोग कति उपयुक्त हुन्छ भन्ने प्रश्न उपभोक्तामा अझै रहेको उनको अनुभव छ। तर लामो दूरीको यात्राका लागि पनि बिस्तारै बाटो खुल्दै गएको उनले बताए।

"ठाउँ-ठाउँमा चार्जिङ स्टेशन छन् कि छैनन् भन्ने कुरा मुख्य हो। अहिले राजमार्गमा प्रत्येक ६० किलोमिटर दूरीमा फास्ट चार्जिङ स्टेशन निर्माण भइरहेका छन्। विद्युतीय सवारी प्रयोगकर्ताले आफू जाने ठाउँमा चार्जिङ स्टेशन छ वा छैन भन्ने पूर्वजानकारी लिनु भने आवश्यक छ," उनले भने।

अन्य सवारीसाधनभन्दा विद्युतीय सवारीसाधन तुलनात्मकरूपमा महँगा छन्। ब्याट्री महँगो हुने भएकाले विद्युतीय सवारी महँगो हुने गरेको उनको भनाइ छ। "मुख्य त ब्याट्री महँगो हो। नेपालमा केही कर छुट दिएका कारण साना गाडी केही सस्ता छन्। तर एक सय किलोवाट क्षमताभन्दा माथिका सवारीसाधन भने महँगो नै छन्," श्रेष्ठले भने।

**कहाँ-कहाँ बन्दैछन् चार्जिङ स्टेशन ?**

नेपाल विद्युत् प्राधिकरणले देशका विभिन्न ३२ स्थानमा ५१ वटा चार्जिङ स्टेशन बनाइरहेको छ। एशियाली विकास बैंक (एडिबी)को रु ३८ करोड सहयोगमा प्राधिकरणले मुख्य राजमार्गमा ६० देखि ८० किलोमिटर दूरीमा यस्ता चार्जिङ स्टेशन तयार पार्दैछ।

काठमाडौं उपत्यकामा मात्रै सात स्थानमा चार्जिङ स्टेशन बनिरहेका छन्। बल्खु, साझा यातायात कार्यालय, रत्नपार्कस्थित नेपाल विद्युत् प्राधिकरणको कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नयाँ बसपार्क र नेपाल पुलिस क्लबमा चार्जिङ स्टेशन राखिएका छन्।

झापाको बिर्तामोडमा दुईवटा र दमक, सुनसरीको इनरुवा र मोरङको विराटनगर बसपार्क, सप्तरीको प्रहरी पेट्रोल पम्प, उदयपुरको बेलका, इलाका प्रहरी कार्यालय, निजगढ र मकवानपुरमा चार्जिङ स्टेशन बनिरहेका छन्। त्यस्तै, सर्लाहीको हरिवन रिफ्रेस सेन्टर, चितवनको बसपार्क र मुग्लिन, धादिङको इलाका प्रहरी कार्यालय, काभ्रेको बनेपा, पोखराको पर्यटक बसपार्क र लेकसाइड, नुवाकोटको बसपार्क र हावाघर, सिन्धुलीको सिन्धुलीगढी बसपार्क र खुर्कोट रिसोर्ट सेन्टरमा चार्जिङ स्टेशन निर्माणाधीन छन्।

महोत्तरीको बर्दिबासस्थित इलाका प्रहरी कार्यालय, लुम्बिनी प्रदेश प्रहरी कार्यालय, बुटवल, नवलपरासीको बर्दघाटमा रहेको इलाका प्रहरी कार्यालय र कपिलवस्तुको गोरुसिङ्गेस्थित इलाका प्रहरी कार्यालयमा चार्जिङ स्टेशन बनिरहेका छन्। दाङको लमही बसपार्क, बाँकेको कोहलपुरस्थित नेपाल एपिएफ स्कूल, सुर्खेतको नयाँ बसपार्क, रूपन्देहीको भैरहवा बसपार्क, कैलालीको सशस्त्र प्रहरी बल बैजनाथ वाहिनी र कञ्चनपुरको शैलेश्वरी सशस्त्र प्रहरी बलमा चार्जिङ स्टेशन तयार पार्ने प्राधिकरणको योजना छ।

त्यसबाहेक विभिन्न स्थानमा चार्जिङ स्टेशन निर्माणका लागि सशस्त्र प्रहरी र नेपाल प्रहरीसँग पनि सम्झौता भएको विद्युत् प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईले जानकारी दिए। "नेपाल विद्युत प्राधिकरणले विभिन्न ५१ स्थानमा बनाइरहेका चार्जिङ स्टेशनबाहेक सशस्त्र प्रहरी र नेपाल प्रहरीले पनि यस्ता स्टेशन बनाइरहेका छन्," उनले भने।

गत भदौमा प्राधिकरण र सशस्त्र प्रहरी बलबीच विद्युतीय सवारी चार्जिङ स्टेशन निर्माणका लागि सम्झौता भएको थियो। सशस्त्र प्रहरी कल्याणकारी सेवा केन्द्रले सञ्चालन गरिरहेका दुईवटा पेट्रोल पम्प भएका स्थान र अरू थप १५ वटा स्थानमा गरी कुल १७ वटा चार्जिङ स्टेशन निर्माणको जिम्मा सशस्त्र प्रहरीले पाएको छ। त्यस्तै, नेपाल प्रहरीले पनि २५ स्थानमा चार्जिङ स्टेशन बनाइरहेको छ। प्रहरी कल्याण कोषले सञ्चालन गरिरहेका पाँचवटा पेट्रोलपम्प, प्रस्तावित चारवटा पम्प र अन्य १६ ठाउँमा विद्युतीय सवारी चार्जिङ स्टेशन बनाउने प्राधिकरणको योजना छ।

यस्ता चार्जिङ स्टेशनमा १४२ किलोवाट क्षमताको चार्जर राख्ने योजना प्राधिकरणको छ। चार्जिङ स्टेशनमा छिटो चार्ज गर्न मिल्ने ६०/६० किलोवाटका डिसी र २२ किलोवाटका एसी चार्जरहरू राखिनेछन्। त्यस्तै, तीन सयभन्दा बढी चार्जरलाई सेवा दिन सक्ने गरी प्राधिकरणको डाटा सेन्टरमा चार्जिङ स्टेशनको सफ्टवेयर राखिनेछ।

त्यस्ता चार्जिङ स्टेशनमा विद्युत् आपूर्तिका लागि ५० केभिएको ट्रान्सफर्मर रहनेछ। सबै चार्जिङ स्टेशनको कन्ट्रोल भने काठमाडौंबाट हुनेछ। प्राधिकरणले निर्माण गरिरहेको चार्जिङ स्टेशनमा अनलाइन बिलिङ प्रणाली जडान गरिनेछ। सवारीसाधन चार्ज गरिसकेपछि ग्राहकले क्युआर कोड र मोबाइल एपमार्फत बिलको भुक्तानी गर्न सक्नेछन्।

**घरमैं राख्न सकिन्छ चार्जिङ स्टेशन**

नेपाल विद्युत् प्राधिकरणले २०७८ माघमा विद्युत् वितरण विनियमावली २०७८ जारी गर्दै निजी आवास, कार्यालय, फर्म, कम्पनी, संस्थालाई पनि चार्जिङ स्टेशन स्थापना गर्नका लागि अनुमति दिन सकिने व्यवस्था कार्यान्वयनमा ल्याएको थियो। उक्त



विनियमावली कार्यान्वयनमा आएसँगै ग्राहकले घरमैं चार्जिङ स्टेशन बनाउन सक्नेछन्। यसरी घरमैं विद्युतीय सवारी चार्ज गर्दा त्यसको खर्च निकै न्यून छ। नेपाल विद्युत् प्राधिकरणको एक अध्ययन अनुसार विद्युतीय कारमा प्रतिकिलोमिटर रु ७० पैसा, एसयुभीमा रु ८० पैसा, माइक्रोमा ९० पैसा र बसमा रु १ दशमलव २० पैसा लागत पर्ने देखिन्छ।

**कुन वर्ष कति गाडी भित्रिए ?**

चालू आर्थिक वर्ष २०७९/८० को मङ्सिर मसान्तसम्ममा नेपालमा रु तीन अर्ब ८२ करोड ५७ लाख बराबरको एक हजार ३५३ वटा विद्युतीय सवारीसाधन आयात भएको भन्सार विभागको तथ्याङ्कबाट देखिन्छ। चालू आर्थिक वर्षको पाँच महीनामा आयात भएका विद्युतीय सवारीसाधनमध्ये एक हजार ३२० वटा सय किलोवाट क्षमताका छन् भने बाँकी ३३ वटा सवारीसाधन त्योभन्दा बढी क्षमताका छन्।

भन्सार विभागका अनुसार गत आर्थिक वर्ष २०७८/७९ मा एक हजार ८०७ वटा विद्युतीय गाडी नेपाल भित्रिएका थिए। त्यस्तै, आर्थिक वर्ष २०७७/७८ मा २६१, आर्थिक वर्ष २०७६/७७ मा ५७५ र आर्थिक वर्ष २०७५/७६ मा चार हजार ७४५ वटा विद्युतीय सवारी आयात भएका देखिन्छन्।

नेपालमा मुख्यगरी चीन, भारत, इन्डोनेशिया र दक्षिण कोरियाबाट विद्युतीय सवारीसाधन आयात हुने गरेका छन्।

## आजको राशिफल

| | |
|---|---|
| मेष — सफलता | वृष — प्रगति |
| मिथुन — रोगभय | कर्कट — यात्रालाभ |
| सिंह — कडाश्रम | कन्या — सुसमाचार |
| तुला — उदरपीडा | वृश्चिक — विजय |
| धनु — धनलाभ | मकर — भाग्योदय |
| कुम्भ — बेचैनी | मीन — धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**पर्सागढी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेस प्रदेश, नेपाल

**भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीले निवेदन दिनेसम्बन्धी ७ दिने सूचना**

(दोस्रोपटक प्रकाशित मिति २०७९/१०/०९)

प्रस्तुत विषयमा नेपाल सरकार राष्ट्रिय भूमि आयोग, रेडक्रस मार्ग, ताहाचल, काठमाडौंद्वारा यस पर्सागढी नगरपालिका हरपुर, पर्सा अन्तर्गत रहेका भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान लगत सङ्कलन प्रमाणीकरण र नक्शा गर्ने कार्यपश्चात् उपर्युक्त लाभग्राहीहरूलाई नियम अनुसार लालपुर्जा वितरण कार्यका लागि दोस्रोपटक मिति २०७९ पुस २२ गतेका दिन गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सूचना बमोजिम निवेदन फाराम सङ्कलन तथा प्रमाणीकरण गर्ने कार्य सम्पूर्ण वडामार्फत यो सूचना प्रकाशन मितिले ७ दिनसम्म हुने भएको हुँदा सम्बन्धित वडा कार्यालयहरूमा गई सम्बन्धित लाभग्राहीहरूले अनुसूची ३ र ४ बमोजिम निवेदन फाराम भर्न भराउनुहुन जानकारी गराइन्छ। साथै आवेदन फाराम निशुल्करूपमा वडा कार्यालयहरूबाट उपलब्ध गराइनेछ।

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

## सोमवारदेखि देशभर वर्षा हुने

काठमाडौं, ८ माघ/रासस

मौसम विज्ञान विभागले भोलि सोमवार रातिदेखि पश्चिम नेपालबाट शुरू भएर बिहीवारसम्म काठमाडौं लगायतका क्षेत्रमा सामान्यदेखि मध्यम वर्षाको सम्भावना रहेको जनाएको छ। हिमाली भेगमा भने मङ्गलवारपछि एक हप्तासम्म हिमपातको सम्भावना रहेको मौसमविद् विनोद पोखरेलले जानकारी दिए।

यसैगरी, यसपालिको हिउँदमा बितेको ३० वर्षयताकै सबैभन्दा कम वर्षा भएको जनाइएको छ। विभागको तथ्याङ्क अनुसार सन् १९९१ पछि यो वर्षको हिउँदमा सबैभन्दा कम पानी परेको हो। सन् १९९१ देखि २०२० सम्मको डिसेम्बर १ देखि जनवरी १८ सम्ममा औसतमा १२ दशलमव ६ मिलिमिटर पानी परेको थियो। तर यसपालिको डिसेम्बर १ देखि जनवरी १८ सम्ममा शून्य दशमलव एक मिलिमिटर मात्रै पानी परेको मौसम विज्ञान विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ।

अघिल्लो हिउँद अर्थात् सन् २०२१ को डिसेम्बर १ देखि २०२२ को जनवरी १८ सम्ममा २७ दशमलव एक मिलिमिटर पानी परेको थियो। नेपालमा मङ्सिर १५ देखि फागुन १५ गतेसम्मको समयलाई हिउँदयाम मान्ने गरिएको र यस वर्ष समुद्रको तापक्रम औसतभन्दा कम भएकोले पश्चिमी वायु कमजोर भई पानी कम परेको जलवायुविज्ञ धर्मराज उप्रेतीले जानकारी दिए। उनका अनुसार हिउँदमा पानी कम पर्दा सुक्खा बढेको तथा यसको असर हिउँदे बालीमा प्रत्यक्ष देखिनुका साथै बहुआयामिक असर पर्नेछ। हिउँदमा पानी कम पर्दा पानीका मुहानहरू सुक्ने वा मुहानबाट कम पानी आउने, वायु प्रदूषण बढ्ने, डढेलोको जोखिम बढ्नेलगायतका समस्या आउन सक्ने जलवायु क्षेत्रका जानकारहरूले बताएका छन्।

## कुष्ठरोगसम्बन्धी अभिमुखीकरण सम्पन्न

प्रस, रौतहट, ८ माघ/

पत्रकारहरूको लागि कुष्ठरोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम आइतवार सम्पन्न भएको छ।

सो कार्यक्रममा दी लेप्रोसी मिसन नेपालकी रितु तिवारीले कुष्ठरोगका प्रकार तथा औषधिको आविष्कारसम्बन्धी जानकारी गराएकी थिइन्। पिबी र एमबी गरी दुई किसिमका कुष्ठरोग रहेको उनले सहजीकरणको क्रममा बताइन्।

कुष्ठरोग सर्ने तथा नसर्ने दुई प्रकारका रहेको बताइन्। कुष्ठरोगीले एकपटक औषधि खाएमा कुष्ठरोग सर्ने सम्भावना नरहने उनले बताइन्। सन् १९४० देखि औषधि आविष्कार भई पिबी कुष्ठरोग रहेको रोगीलाई छ महीनादेखि नौ महीना तथा एमबी कुष्ठरोगीले १२ महीनासम्म औषधि खानुपर्ने उनले बताइन्।

कुष्ठरोगीले समयमा औषधि नखाए विभिन्न किसिमका समस्या उत्पन्न हुने कार्यक्रममा जानकारी गराइएको थियो। रौतहट जिल्लामा १४० जना कुष्ठरोगी रहेको तथ्याङ्क कार्यक्रममा पेश गरिएको थियो।

## अस्ट्रेलियामा ऋचालाई उत्कृष्ट अभिनेत्रीको अवार्ड

काठमाडौं, ८ माघ/रासस

अभिनेत्री ऋचा शर्माले अस्ट्रेलियाको प्रतिष्ठित 'टाइटन फिल्म फेस्टिभल'मा सर्ट फिल्म 'ब्लड मनी'बाट उत्कृष्ट अभिनेत्रीको अवार्ड जितेकी छन्।

सिडनीमा आयोजना भएको फेस्टिभलमा अवार्ड ग्रहण गर्दै उनले आयोजकलाई धन्यवाद दिइन्। "हाम्रो कामको मूल्याङ्कन हुँदा खुशी लाग्छ। यसमा महिलाको सङ्घर्षलाई प्रस्तुत गरिएको छ," अभिनेत्री शर्माले भनिन्। उनी अवार्ड ग्रहण गरेपछि यही साता नेपाल फर्कंदै छिन्।

साउदी अरबमा अपराधको कसूरमा जेलसजाय भोग्न बाध्य पतिको पत्नीको भूमिका उनले निर्वाह गरेकी छन्। अपराध गरेपछि क्षति हुने परिवारले मागे बराबर रकम दिने प्रक्रियालाई 'ब्लड मनी' भनिन्छ।

फिल्ममा अभिनेत्री मिथिला शर्माले आमा र अशोक तिमल्सिनाले पतिको भूमिका निर्वाह गरेका छन्। यसका लेखक तथा निर्देशक पनि तिमल्सिना नै हुन्।

सय बढी देशका फिल्मबीच भएको प्रतिस्पर्धामा 'ब्लड मनी'ले सिङ्गापुरको ओल्ड फिल्म कार्निभल, ह्वाइट पिलर इन्टरनेशनल फिल्म फेस्टिभल, अश्विकवारुणी इन्टरनेशनल फिल्म फेस्टिभलमा 'बेस्ट फिल्म अफ दी इयर'को अवार्ड जितिसकेको छ। अट्ठाइस मिनेटको फिल्ममा सौरभ पौडेल, पारस तिमल्सिना, विराज पराजुलीको पनि अभिनय छ। यो फिल्म ओएसआर डिजिटलको युटचुब च्यानलमा सार्वजनिक भइसकेको छ।

## तीन किलो गाँजासहित तीनजना पक्राउ

प्रमोद यादव, पंचगावाँ, ८ माघ/

सखुवाप्रसौनी गाउँपालिका–५ बलुवाबाट डेढ किलो गाँजासहित तीनजनालाई प्रहरी चौकी प्रसौनीभाठाले पक्राउ गरेको छ।

भारतीय नम्बरको मोटरसाइकलमा सवार भारत बस्ने मनोज पटेल, सखुवाप्रसौनी गापा–५ बलुवा बस्ने माया गिरी पटेल र १८ वर्षीय एकजना किशोरीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेकाहरूको बयानको आधारमा प्रहरीले बलुवामा छापामारी गर्दा पुनः एक किलो ७५० ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ। बरामद गाँजा र मानिसलाई कारबाईको लागि इलाका प्रहरी कार्यालय, पोखरियामा राखिएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता दीपक गिरीले बताएका छन्।

## विषादी व्यवस्थापन तालीम सम्पन्न

प्रस, रौतहट, ८ माघ/

रौतहटमा तीन दिने विषादी व्यवस्थापनसम्बन्धी तालीम सम्पन्न भएको छ।

कृषि ज्ञान केन्द्रको आयोजना र बाली संरक्षण प्रयोगशाला, सिराहाको सहकार्यमा विषादी व्यवस्थापनसम्बन्धी तीन दिने तालीम कृषि शाखा शिवनगर, गौरमा सम्पन्न भएको छ।

तालीममा कृषि ज्ञान केन्द्र, रौतहटका प्रमुख कमलदेवप्रसाद कुशवाहा, बाली संरक्षण प्रयोगशाला, सिराहाका प्रमुख मोहन महतो, बाली संरक्षण अधिकृत मिश्रीलाल यादवको सहभागिता थियो भने विप्लवकुमार गुप्ताले तालीमका सहभागीहरूलाई प्रशिक्षण दिएका थिए। तालीममा गरुडा नगरपालिकाका नगरप्रमुख कन्थमणि जयसवालले सहभागीहरूलाई प्रमाणपत्र वितरण गरेका थिए।




# खेलकूदको संसार

## ग्लोबल फाइनलमा, सिद्धार्थ एनआइसँग सेमिफाइनलमा भिड्दै

प्रस, परवानीपुर, ८ माघ/




वीरगंजमा जारी कलेजस्तरीय नटआउट क्रिकेट प्रतियोगिताको फाइनलमा ग्लोबल बिजनेश कलेज प्रवेश गरेको छ।

वीरगंज युवा च्याम्प्स क्लब, मुर्लीद्वारा नारायणी रङ्गशालामा आयोजना भइरहेको चौथो संस्करणको प्रतियोगिता अन्तर्गत आइतवार भएको पहिलो सेमिफाइनल खेलमा ओम नेशनल कलेजलाई १०६ रनले पराजित गर्दै ग्लोबल फाइनलमा पुगेको हो।

टस जितेर ब्याटिङ रोजेको ग्लोबलले २० ओभर खेल्दै छ विकेटको क्षतिमा १७५ रन बनाएको थियो भने जवाफी ब्याटिङमा ओम नेशनलले १२ दशमलव पाँच बलमा सबै विकेट गुमाएर ६९ रन मात्र बनायो। माघ ११ गते बिहान ११ बजेदेखि हुने फाइनल खेलमा पुग्ने ग्लोबल बिजनेश कलेज पहिलो टीम हो।




सोमवार हुने दोस्रो सेमिफाइनलमा विजय हासिल गर्ने टीमसँग ग्लोबलको सामना हुने आयोजक क्लबका अध्यक्ष रमिज राजा अन्सारीले बताए। सोमवार हुने सेमिफाइनलमा नेशनल इन्फोटेक कलेजसँग सिद्धार्थ इन्टरनेशनल कलेजको प्रतिस्पर्धा हुनेछ। सिद्धार्थले आज भएको क्वाटरफाइनल खेलमा गढीमाई कलेजलाई एक विकेटअन्तरले पराजित गर्दै दोस्रो सेमिफाइनल खेलमा आफ्नो ठाउँ पक्का गरेको हो।

टस हारेर पहिले ब्याटिङ गरेको गढीमाई कलेजले निर्धारित २० ओभरको खेलमा १९ दशमलव चार बलमा सबै विकेट गुमाइ १२२ रन बनाएको थियो। १२३ रनको विजयी लक्ष्य लिई जवाफी ब्याटिङ गरेको सिद्धार्थ इन्टरनेशनल कलेजले १९ दशमलव चार ओभरमा नौ विकेटको क्षतिमा १२७ रन बनाउँदै एक विकेटले खेल जितेको हो। वीरगंजका १६ वटा कलेजको सहभागिता रहेको प्रतियोगितामा डचुज बलको प्रयोग भइरहेको छ।

## यस वर्ष परसवा गोल्डकप हुन नसक्ने

प्रस, सेढवा, ८ माघ/

प्रत्येक चार वर्षमा हुने पर्सा जिल्लाको सबभन्दा ठूलो फूटबल प्रतियोगिता यसपटक नहुने भएको छ। जीराभवानी गाउँपालिका–३ मा हुने सातौं परसवा गोल्डकप फूटबल प्रतियोगिता यस वर्ष स्थगित भएको छ।

विश्वकप फूटबल प्रतियोगिता भएको छ महीनाभित्र सञ्चालन हुने यस गोल्डकप आगामी वर्ष सारिएको आयोजक संस्था न्यू एभरेस्ट क्लबका निवर्तमान अध्यक्ष सुखसागर चौधरीले बताए। सातौं परसवा गोल्डकपका लागि कार्यसमिति गठन नभएको कारण यस वर्ष प्रतियोगिता हुन नसक्ने निवर्तमान अध्यक्ष चौधरीले बताए।

हालै कतारमा सम्पन्न फिफा विश्वकप–२०२२ ढिलो सम्पन्न भएकोले परसवा गोल्डकप आयोजना गर्न समयावधि कम भएकोले अर्को वर्ष सारिएको क्लबका सदस्य दिनानाथ महतोले बताए। अहिले बिहेवारीको लगन शुरू भएको तथा फागुनमा महाशिवरात्रिको अवसरमा जिल्लाको सबभन्दा ठूलो स्थानीय मेला जीराभवानी मेला शुरू हुने हुँदा गोल्डकप आयोजना गर्न सम्भव नभएको सदस्य महतोले बताए। उनले २०८० सालको दशैंको टीकाको भोलिपल्टदेखि प्रतियोगिता शुरू हुने बताए।

जीराभवानी गापाले चालू आवमा गोल्डकप आयोजनाका लागि रु दश लाख विनियोजन गरेको प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले बताए।

यो गोल्डकप २०५५ सालदेखि प्रथम पुरस्कार एक लाख र दोस्रो पुरस्कार ५० हजार नगद तथा ट्रफीबाट शुरू गरिएको थियो। यसका साथै उत्कृष्ट खेलाडीहरूका लागि गोल्डेन बुट, सिल्भर बललगायतका पुरस्कार दिंदै आएको छ।

२०७५ सालको छैटौं परसवा गोल्डकपमा प्रथम र द्वितीय पुरस्कार क्रमशः दुई लाख र एक लाख रहेको थियो। प्रतियोगितामा स्थानीय खेलाडीदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू सहभागी हुने गर्छन्।
२०७५ सालको छैटौं र २०७१ सालको पाँचौ परसवा गोल्डकपको विजेता टीम सेढवा थियो।

## राज्यमन्त्री तोसिमालाई वीरगंजका चिकित्सकको शुभकामनापत्र

प्रस, परवानीपुर, ८ माघ/

वीरगंजका चिकित्सकहरूको छाता सङ्गठन नेपाल चिकित्सक सङ्घ नारायणी वीरगंजले नवनियुक्त स्वास्थ्य राज्यमन्त्री डा तोसिमा कार्कीलाई शुभकामनापत्र पठाएर शुभकामना तथा बधाई दिएको छ।

नेपाल चिकित्सक सङ्घ नारायणी वीरगंजले सङ्घकी आजीवन सदस्यसमेत रहेकी डा कार्कीलाई राज्यमन्त्री भएकोमा पत्रमार्फत सफल कार्यकालको शुभकामना दिएको सङ्घका सदस्य डा उदयनारायण सिंहले जानकारी गराए।

स्वास्थ्य मन्त्रालयको अहम् पदमा मेडिकल क्षेत्रकी कार्की नियुक्त भएकोले आगामी दिनमा नेपालको स्वास्थ्य क्षेत्रका समस्या तथा स्वास्थ्यकर्मीहरूको मनोबल बढाउने कार्य हुने पत्रमा विश्वास व्यक्त गरिएको डा सिंहले बताए।

### व्यावसायिक खेती ...

सदस्यबाट रु सात लाखभन्दा बढी बचत सङ्कलन गरेका छन्। सङ्कलित रकमबाट कृषि तथा पशुपालन गर्न चाहने कृषकका लागि आवश्यक लगानी गर्दै आएको संस्थाका सचिव राजेशसाह सोनारले बताए। संस्थाका अध्यक्ष अब्दुल बराकत अन्सारीको सभापतित्वमा भएको कार्यक्रममा शेख भिखारी, इमामुल अन्सारी, मैनादेवी नुनियाँ, मोरियम खातुन, तमन्ना खातुन, इर्साद अन्सारी, पूजादेवी राम, सावित्री कार्की, मुक्ति चौधरीलगायतको सहभागिता थियो।

### स्वतन्त्र निर्वाचित ...

यादवसँग छलफल गरेको हो।

जनमत पार्टीका उपाध्यक्ष वसन्त कुशवाहा र महासचिव चन्दन सिंहलगायतका नेताहरूले बालकुमारीस्थित जसपाको कार्यालयमा पुगेर अध्यक्ष यादवसँग छलफल गरेको सो पार्टीका उपत्यका इन्चार्ज हरेन्द्र चौधरीले जानकारी दिए। सो भेटमा मधेस सरकार गठन र मन्त्रालय बाँडफाँटका लागि गठबन्धन बनाउने विषयमा नेताहरूबीच कुराकानी भएको थियो।

## जाडोको समयमा चीसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड